# स्थानीय तहमा बालसहभागिता

# स्रोत पुस्तिका

CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION

कन्सोर्टियम–नेपाल

कन्सोर्टियम–नेपाल

Consortium Nepal

# स्थानीय तहमा बालसहभागिता

# स्रोत पुस्तिका

कन्सोर्टियम-नेपाल

Consortium Nepal

# स्थानीय तहमा बाल सहभागिता (स्रोत पुस्तिका)


| | |
|---|---|
| **प्रकाशन सल्लाहकार** | **किरण थापा**<br>**सन्तोष महर्जन**<br>**सरोज के. सी.** |
| **संयोजन** | **गौरव के. सी.** |
| **लेखन तथा सामग्री संयोजन** | **विष्णु ब. खत्री**<br>**(अधिवक्ता, अनुसन्धानकर्ता तथा बालअधिकार अभियन्ता)** |
| **प्रकाशक** | **कन्सोर्टियम नेपाल** |
| **प्रकाशन सहयोग** | **सेभ द चिल्ड्रन** |
| **प्रकाशन वर्ष** | **२०७७** |
| **प्रकाशन संख्या** | **८०१ प्रति** |

---

**कन्सोर्टियम–नेपाल (Consortium Nepal)**

शंखमुल, प्रगतिमार्ग – १०, नयाँ बानेश्वर, काठमाडौं ।

फोन नं. : ०१–४७८१३२७

इमेल : participation.consortium@gmail.com

वेवसाइट : http://www.consoritum.org.np

## प्रकाशकीय

कन्सोर्टियम नेपाल, बाल सहभागीतामा कार्यरत संस्थाहरूको साझा समूह हो । यो साझा समूहमा ४९ जिल्लाका ६७ बाल सहभागितामा कृयाशिल सामाजिक संस्थाहरू सदस्यका रूपमा रहेका छन् । यो संस्था स्थापना भएको २० वर्ष भएको छ । नेपालमा ९० को दशकबाट बाल सहभागीताको अधिकारलाई अभिवृद्धि एवम् सुनिश्चितताको लागि पहल भएको हो । कन्सोर्टियम नेपालले पनि आफ्ना सदस्य संस्थाहरूमार्फत स्थानिय तहसम्म अर्थपूर्ण बालसहभगिताकालागि पैरवी एवम् अभियानको माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ । बालबालिकाका सवालहरूमा बालबालिकाहरूलाई नै सशक्तिकरण गरी घर परिवारदेखि राज्यको नीति निर्माण तहसम्म उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अनवरतरूपमा एक सवल नागरिक सञ्जालकारूपमा कन्सोर्टियम नेपाल परिचित छ । कन्सोर्टियम नेपालले बाल सहभागीतालाई प्रवर्द्धन गर्नको निम्ति बालक्लव गठन तथा परिचालन, बालक्लव सहजीकरण तथा सवलीकरण, जीवन उपयोगी सीप लगायतका तालिम, विषयगत सवालहरूमा गोष्ठी, सेमिनार, अन्तरक्रिया एवम् छलफल लगायतका कृयाकलाप गर्दै आएको छ । यसका साथै बाल सहभागीतालाई नीतिगतरूपमा सम्बोधनको लागि अध्ययन, अनुसन्धान, नीतिगत पैरवी र स्थानीय तहको योजना तर्जुमा प्रकृयामा बाल सहभागिता प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरूको आयोजना गर्दै आएको छ । कन्सोर्टियम नेपालले बालअधिकारको नेपालको इतिहासमा पहिलो पटक मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्रमा बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार गर्ने कार्यको संयोजन गर्ने जिम्मेवारीसमेत सफलतापूर्वक पुरा गऱ्यो ।

यसका साथै यस सञ्जाललाई एक स्रोत केन्द्रको रूपमा विकास गर्ने अभिप्रायले विगतदेखि नै बालअधिकार विशेषगरी बाल सहभागीताको विषयमा विविध किसिमका प्रकाशनहरू पनि प्रकाशितगर्दै आइरहेको छ । कन्सोर्टियम नेपालले स्थापना कालदेखि नै प्रकाशन गर्दै आइरहेको प्रकाशनहरू विशेषतः बालबालिका, अभिभावक, सामाजिक परिचालक एवम् सहजकर्ता तथा बालक्लव केन्द्रित छन् भने केही प्रकाशनहरू नीतिगत र अध्ययन अनुसन्धानसँग सम्बन्धित छन् । यसै सन्दर्भमा, स्थानिय तहको योजना तर्जुमा, नीति निर्माण र विभिन्न कृयाकलापहरूमा बालबालिकाको सहभागीता सहित कसरी सहजीकरण गर्न सकिन्छ भन्ने उद्देश्यले यो स्रोत पुस्तिका प्रकाशन गरेको हो । यस स्रोत पुस्तिकाले भविष्यमा समुदायमा परिचालित सामाजीक कार्यकर्ता एवम् बालअधिकार अभियन्तालाई बाल सहभागिताका सवालमा सहजीकरण गर्नको लागि सहयोग पुग्नेछ भन्ने विश्वास हामीले लिएका छौं ।

अन्त्यमा, यस पुस्तक प्रकाशनको लागि सहयोग गर्ने सेभ द चिल्ड्रेनलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी, यस पुस्तक लेखन कार्यको महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नु भएकोमा अधिवक्ता एवम् बालअधिकार अभियन्ता विष्णु ब. खत्री र आवश्यक सल्लाह एवम् सुझाव दिनु हुने सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक सरोज के. सी. प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस पुस्तक प्रकाशनको लागी संयोजनकारी भुमिका निर्वाह गर्नु भएकोमा कन्सोर्टियम नेपालका कार्यक्रम संयोजक गौरव के. सी. लाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**किरण थापा**
**अध्यक्ष**

# स्रोत पुस्तिका सम्बन्धी जानकारी

- संघीयताको अभ्यासका क्रममा जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय तहमा बाल सहभागिताको प्रवर्द्धनका लागि विभिन्न प्रयासहरू भएका छन् । विगतका राम्रा अभ्यासहरूलाई समेत आत्मसात गर्दै स्थानीय तहहरूमा बाल सहभागिता प्रवर्द्धनका लागि नीतिगत व्यवस्था, संरचनाको प्रवर्द्धन र सम्वादको सृजना भएको छ । यो स्रोत पुस्तिका स्थानीय तहमा बाल सहभागिता प्रवर्द्धनका लागि भईरहेका तिनै प्रयासहरूलाई सहयोग पुऱ्याउनकालागि तयार गरिएको छ ।
- बाल सहभागितासँग सम्बन्धित विद्यमान व्यवस्था र अभ्यासहरूका सम्बन्धमा बाल सहभागिताको प्रवर्द्धनका लागि कृयाशिल अभियान्ता, सामाजिक परिचालक, बालक्लवका सदस्यहरू तथा सरोकारवालाहरूकालागि यो स्रोत पुस्तिका तयार गरिएको हो ।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूकालागि समेत स्थानीय तहमा बाल सहभागितालाई प्रवर्द्धन गर्नकालागि यो स्रोत पुस्तिका उपयोगी हुने अपेक्षा गरेका छौं ।
- स्थानीय तहमा बाल सहभागिताका विषयहरूमा सञ्चालन गरिने तालिम, अभिमुखीकरण, छलफल, अन्तरकृया, सम्वाद आदि कार्यक्रमका प्रशिक्षक, सहजकर्ता र वक्ताहरूकालागि समेत सन्दर्भ सामग्रीका रूपमा यो स्रोत पुस्तिका रहन सक्दछ ।
- बाल सहभागिताको प्रवर्द्धनमा लागिरहनु भएका अभियान्ता तथा सञ्चारकर्मीहरूकालागि विषयगत जानकारी यस स्रोत पुस्तिकाले उपलब्ध गराउने छ । स्थानीय परिवेश अनुसार सम्बन्धित भुगोलको उपयुक्त अभ्यासहरूलाई प्रवर्द्धन गर्दै यस स्रोत पुस्तिकामा भएका व्यवस्थाहरूका आधारमा बाल सहभागितासम्बन्धी सम्वाद तथा विभिन्न माध्यमहरूमार्फत प्रवर्द्धनात्मक काम गर्न सकिन्छ ।
- यस स्रोत पुस्तिकामा उल्लेखित कतिपय कानुन, नीति, तथ्याङ्कहरू समयक्रममा परिवर्तन हुनसक्ने भएकाले यस स्रोत पुस्तिकाको प्रयोगकर्ताले यस्ता विषयवस्तुको अद्यावधिक सन्दर्भ सामग्रीहरूको पनि आवश्यकता अनुसार सङ्कलन र प्रयोग गर्न हामी हाम्रा पाठकलाई उत्प्रेरित गर्दछौं ।

## ्स्थानीय तहमा बाल सहभागिता

# स्रोत पुस्तिका

### बालबालिका भन्नाले कसलाई बुझिन्छ ?

नेपाल पक्ष राष्ट्र भएको बालअधिकारसम्बन्धी महासन्धि - १९८९ को धारा १ र बालबालिकासम्बन्धी ऐन २०७५ ले बालबालिका भन्नाले **१८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्दछ भनी** परिभाषित गरेको छ ।

### बालबालिकाका सवालमा किन विशेष ध्यान दिनु पर्दछ ?

बालवालिकालाई बाल्यकालमा नै विशेष किसिमको संरक्षण र स्याहार आवश्यकता पर्दछ । यसबाट नै उनीहरू भविष्यमा एक सक्षम वयस्क भएर आफ्ना व्यक्तिगत, पारिवारिक, सामाजिक र राष्ट्रप्रतिको उत्तरदायित्वहरू वहन गर्न सक्षम व्यक्ति बन्न सक्दछन् । परिवार, समाज र राष्ट्रका लागि आवश्यक पर्ने सक्षम र जिम्मेवारी नागरिक तयार गर्नका लागि बाल्यकालको समयमा नै उनीहरूका आवश्यकताहरूको सम्वोधन र उचित वातावरण तयार गरिनुपर्दछ । बालबालिकाको आवश्यकता र अधिकारको सम्मान र सम्वोधन गर्नु वयस्कको दायित्व भएकाले बालबालिकाका सवालमा विशेष ध्यान दिनु पर्दछ ।

### बालअधिकार भन्नाले के बुझिन्छ ?

बालबालिकाका आवश्यकताहरू नै बालअधिकार हुन् । बालअधिकार भन्नाले बालबालिकाको मानव अधिकार हो । एउटा मानवका रूपमा बालबालिकाले प्राप्त गर्नुपर्ने आधारभूत मानव अधिकार तथा बालबालिका भएका नाताले पाउनु पर्ने थप अधिकारहरू समेत बालअधिकार अन्तर्गत पर्दछन् ।

### नेपाली बालअधिकारका प्रमुख सवालहरू के–के छन् ?

वर्तमान अवस्थामा नेपाली बालबालिकाका प्रमुख सवालहरूमा शिक्षा, स्वास्थ्य, सुरक्षा, पोषण, माया ममता, बालापान, स्याहार, मनोरञ्जन, संरक्षण र बाल सहभागिताजस्ता कुराहरू रहेका छन् । समाजमा रहेका परम्परागत हानिकारक अभ्यासहरू तथा सबै खालका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र बेवास्ताबाट उन्मुक्ति पनि नेपाली बालबालिकाको प्रमुख सवालका रूपमा रहेका छन् । परिवार, विद्यालय, समुदाय र सरकारका विभिन्न तह तथा निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता पनि वर्तमान अवस्थामा नेपाली बालबालिकाको प्रमुख सवालको रूपमा रहेको छ ।

## बालअधिकारको कुरा गर्दा बिर्सन नहुने मुख्य तीन विषयहरू के–के हुन् ?

बालअधिकारको कुरा गर्दा बिर्सन नहुने प्रमुख तीन विषयहरू निम्न अनुसार रहेका छन् :

१. **बालबालिकाका आधारभूत आवश्यकता नै बालअधिकार हो ।** बालअधिकार बालबालिकाले पाउनै पर्ने आधारभूत आवश्यकता हुन् । आधारभूत आवश्यकता भएकाले यसको सम्मान गरिनै पर्दछ ।

२. **बालअधिकार वयस्कको उत्तरदायित्व हो ।** बालबालिकाका आफैमा उमेरमा साना हुन्छन् । शारीरिक र मानसिक रूपमा कतिपय सवालहरूका सम्वन्धमा स्वनिर्णय गर्न तयार नभएका पनि हुन सक्दछन् । बालबालिकाले शिक्षा तथा विकासमा ध्यान दिनु पर्ने भएकाले कतिपय सवालमा सयम दिन पनि सक्दैनन् । त्यसैले बालअधिकारको परिपुर्ति गर्ने वा सम्मान गर्ने दायित्व समाजका वयस्कहरूको हो । समाजका वयस्कहरू परिवार, समाज, विद्यालय वा सरकारमा हुन्छन् । उनीहरू जहाँ छन् त्यही स्थान र जिम्मेवारीमा बालअधिकारको सम्मान गर्ने दायित्व हुन्छ ।

३. **बालअधिकार सबैको सरोकारको विषय हो ।** बालअधिकारको सम्मान गर्ने काम बाल क्लव, बालअधिकार संस्था, बालअधिकार अभियान्ता वा बालबालिकासँग सम्बन्धित निकायको मात्र होइन । यो त समाजका सबै सरोकारवालाहरूको सरोकारको विषय हो । बालअधिकार मेरो सरोकार वा जिम्मेवारी होइन भन्ने हुदैन ।

## बालअधिकारका चार समूह (Four Boxes of Child Rights) भन्नाले के–के पर्दछन् ?

बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धिमा उल्लेखित तथा बालबालिकाले पाउनै पर्ने उनीहरूका अधिकारहरूलाई मुख्य गरी चार प्रमुख भागमा बाँडेर हेर्न सकिन्छ जसलाई बालअधिकारका चार बाकस पनि भनिन्छ । बालअधिकारका चार समूह (Four Box of Child Rights) निम्नानुसार रहेको छ :

१. बालबालिकाको बाँच्न पाउने अधिकार (बाल बचाउको अधिकार)
२. बालबालिकाको संरक्षणको अधिकार
३. बालबालिकाको विकासको अधिकार
४. बालबालिकाको सहभागिताको अधिकार

## बालबालिकाको बाँच्न पाउने (बाल बचाउ) अधिकार भन्नाले के बुझिन्छ ?

बालबालिकाको बाँच्न पाउने अर्थात बालबचाउको अधिकार भन्नाले बालबालिकाको गर्भदेखि जन्मोत्तर अवधिका बचाउ कार्यलाई जनाँउछ । विशेषगरी बालबालिकाको बाँच्न पाउने अधिकार अन्तरर्गत शारीरिक, मानसिक तथा बौद्धिक विकास गराउने र गर्भदेखि बयस्क नहुन्जेल बालबालिकाको स्वास्थ्यको हेरचार र सबैखाले रोगहरूबाट बचाउनु यस

अधिकार अन्तर्गत पर्दछ । बालबालिकाको मानसिक तथा बौद्धिक विकासको लागि सबै प्रयास गर्नु पनि यस अन्तर्गत पर्दछ । बालबालिकाको यो अधिकारलाई संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धि (१९८९) को प्रस्तावनामा प्रष्टसँग बालबालिकालाई निजको शारीरिक तथा मानसिक अपरिपक्वताका कारण जन्मनुअघि र जन्मेपछि विशेष संरक्षण र स्याहारका साथै समुचित कानूनी संरक्षणको आवश्यकता पर्ने कुरालाई हृदयंगम गर्दै भनी उल्लेख गरेको छ ।

### बालबालिकाको बाँच्न पाउने (बाल बचाउ) अधिकार अन्तर्गत के-कस्ता अधिकारहरू पर्दछन् ?

बालबालिकाको बाँच्न पाउने (बालबचाउ) अधिकार अन्तर्गत प्रमुख रूपमा निम्न अधिकारहरू पर्दछन् :

- बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार
- गर्भवती महिलालाई विशेष स्याहारको अधिकार
- सुरक्षित जन्मन पाउने अधिकार
- जन्मदर्ताको अधिकार
- खोप तथा स्वास्थ्य स्याहारको अधिकार
- पोषणयुक्त खानाको अधिकार
- औषधी उपचारको अधिकार
- सफा पानी पिउन पाउने अधिकार

### बालबालिकाको संरक्षणको अधिकार भन्नाले के बुझिन्छ ?

बालबालिकाको संरक्षणको अधिकार भन्नाले बालबालिकामाथि हुने सबै प्रकारका हेला, दुर्व्यवहार, शोषण, भेदभाव, परम्परागत हानीकारक अभ्यास र बेवास्ताबाट संरक्षण पाउने अधिकार हो । बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ ले बालबालिकाले संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा स्पष्टरूपमा व्यवस्था गरेको छ ।

### बालबालिकाको संरक्षणको अधिकार अन्तर्गत क-कस्ता अधिकारहरू पर्दछन् ?

बाल संरक्षणको अधिकार अन्तर्गत मुख्य रूपमा निम्न अधिकारहरू पर्दछन् :

- गर्भदेखी नै सबै खालका भेदभावबाट संरक्षणको अधिकार
- दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली कुटपिट, यातनाबाट संरक्षणको अधिकार
- परम्परागत हानीकारक अभ्यासहरूबाट संरक्षणको अधिकार

- सबै खालका शोषण (यौनशोषण, श्रमशोषण आदी) बाट संरक्षणको अधिकार
- बेचबिखन, ओसारसपसारबाट संरक्षणको अधिकार
- हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षणको अधिकार
- लागुपदार्थ, नशालु पदार्थबाट संरक्षणको अधिकार
- युद्ध, झगडा, देह बेचबिखन, अपहरणबाट संरक्षणको अधिकार
- कानुनी संरक्षणको अधिकार

## बालबालिकाको विकासको अधिकार भन्नाले के बुझिन्छ ?

बालबालिकाको विकास भन्नाले उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासका लागि आवश्यक पर्ने वातावरण, मार्गदर्शन, सहयोग, शिक्षा, सीप आदी पर्दछन् । बाल बचावट, बाल संरक्षण र बाल सहभागिताको सही प्रवर्धन गर्नका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले बालबालिकाको विकासको अधिकार अन्तर्गत शिक्षाको अधिकार प्रमुख रूपमा पर्दछ । सबै बालबालिका विद्यालय गएकै हुनुपर्दछ र विना कुनै भेदभाव गुणस्तरिय शिक्षा प्राप्त गरेकै हुनुपर्दछ । कुनै पनि बालबालिका विद्यालय बाहिर हुनुहुदैन । नेपालको सन्दर्भमा गुणस्तरिय शिक्षासम्म बालबालिकाको समान पँहुचको सवाल बालबालिकाको विकासको अधिकार अन्तर्गत प्रमुख रूपमा रहेको छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा २८ र २९ ले बालबालिकालाई कम्तिमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने प्रावधानहरू राखी राज्यलाई उत्तरदायी बनाउने व्यवस्था गरेको छ ।

## बाल विकासको अधिकार अन्तर्गत के-कस्ता अधिकारहरू पर्दछन् ?

बालबालिकाको बाल विकासको अधिकार अन्तर्गत निम्न अधिकारहरू पर्दछन् :

- स्वच्छ वातावरणमा असल शिक्षा (औपचारिक, अनौपचारिक र व्यावहारिक) पाउनु पर्ने अधिकार
- खेल, मनोरञ्जन र आरामको अधिकार
- उचित स्वास्थ्य उपचारको अधिकार
- जीवन उपयोगी सीप तथा कलाको अधिकार
- जन्मदेखी नै शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरूको अधिकार
- स्वास्थ्य उपचार तथा सबै क्षेत्रको विषयमा आवश्यक जानकारी पाउने अधिकार
- माया, ममता र हुर्काउने कार्यमा आमाबाबु दुवैको संयुक्त दायित्वको अधिकार
- उचित मार्गदर्शन र राम्रो वातावरणको अधिकार

## बाल सहभागिताको अधिकार भन्नाले के बुझिन्छ ?

बालबालिकासँग सम्बन्धित विषयहरूमा निर्णय गर्दा उनीहरूका विचार तथा भावनाको सुनुवाई परिवार, विद्यालय, समाज र राज्यका निकायहरूमा सुनिश्चित हुनु पर्दछ । बालबालिकाको भावनाको आवश्यक कदर गरिनु पर्दछ । बालअधिकार सम्मत गतिविधिहरूमा र संघ-संस्थामा सहभागी हुन पाउनु बालबालिकाको अधिकार हो । बालबालिकाले आफ्नो क्लब वा संस्था खोल्न पाउने, दर्ता गर्न पाउने अधिकार नेपालको कानुनमै सुरक्षित गरिसकेको छ । देशका असल नागरिकका रूपमा तयार गर्न बालबालिकालाई परिवारदेखी नै उनीहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धिमा जोड दिनुपर्दछ ।

## बाल सहभागिताको अधिकार अन्तर्गत के-कस्ता अधिकारहरू पर्दछन् ?

बाल सहभागिता अन्तर्गत मुख्यरूपमा निम्न अधिकारहरू पर्दछन् :

- बालबालिकासँग सम्बन्धित र उनीहरूको जीवनमा प्रभाव पार्ने निर्णयहरूमा बालबालिकाको अनिवार्य कुरा सुन्नुपर्ने र सोको कदर गर्नुपर्ने अधिकार,
- रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिमा सहभागी हुन पाउने अधिकार,
- आस्था अनुसारको धर्म वा सांस्कृतिक कृयाकलापमा सहभागी हुन पाउने अधिकार,
- कुनै पनि कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्न पाउने अधिकार,
- बालबालिकासँग सम्बन्धित आफ्नै संघसंस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार,
- बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने सम्बन्धी अधिकार,
- बालबालिकासँग सम्बन्धित विषयहरू र निर्णय तथा त्यसको कार्यान्वयन लगायत सबै प्रकृयामा बालबालिकाको अर्थपूर्ण सहभागिताको अधिकार,

## बाल सहभागिता भन्नाले के बुझिन्छ ?

बाल सहभागिता बालबालिकालाई उनीहरूका विचार व्यक्त गर्न वा आफुलाई असर पर्ने विषयबारे बोल्ने, निर्णय प्रक्रियामा संलग्न हुने र आफ्नो उमेर र परिपक्वताअनुरूप दैनिक गतिविधिमा सहभागी हुने प्रक्रिया हो । सहभागिताले बालबालिकालाई आफ्ना चासोको विषय, आफ्नो जीवन अथवा परिवारलाई असर गर्ने गतिविधिहरूमा सक्रिय हुन आव्हान गर्दछ । बालबालिकालाई उनीहरूको विचारहरू व्यक्त गर्न वा आफूलाई असर गर्ने विषयबारे बोल्ने, निर्णय प्रक्रियामा संलग्न हुने र आफ्नो उमेर र परिपक्वता अनुरूप दैनिक गतिविधिमा सहभागी हुन पाउनुलाई बाल सहभागिता भनिन्छ । सहभागिताले बालबालिकालाई आफ्ना चासोको विषय वा आफ्नो जीवन अथवा परिवारलाई असर गर्ने गतिविधिहरूमा सक्रिय हुन आव्हान गर्दछ । सहभागिताले बालविकास, बाल संरक्षण र बाल बचावट जस्ता अधिकारहरू समेतको परिपूर्तिमा सकारात्मक प्रभाव पार्न सक्दछ । सहभागिताले बालबालिकाका अन्य अधिकारको प्रचलन तथा परिपूर्तिमा समेत सघाउ पुर्‍याउँदछ । सहभागिताले बालबालिकालाई वयस्क

व्यक्ति, निकाय तथा संस्थासमेतसँग मिलेर काम गर्ने अवसर सिर्जना गर्दछ र उनीहरूलाई समाजको एक महत्त्वपूर्ण सरोकारवाला समूहको रूपमा मान्यता दिलाउन गर्दछ ।

बालविकासको एक प्रक्रियाको रूपमा बाल सहभागितालाई लिन सकिन्छ । बालबालिकाको बढ्दो उमेर र परिपक्वता अनुसार उनीहरूको सहभागिताको प्रक्रिया र स्वरूप फरक फरक हुन सक्दछन् । यसर्थ, बाल सहभागितालाई केबल एक क्रियाकलाप वा एकपटक गरिने कार्य विशेषभन्दा पनि निरन्तररूपमा गरिनुपर्ने एक विधि, प्रक्रिया र संस्कारको रूपमा लिनुपर्दछ । बाल सहभागिताले बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयहरूको निर्णयप्रक्रियामा सहभागी हुने र आफ्नो बढ्दो क्षमताअनुसार आफ्ना विचारहरू व्यक्त गर्ने अवसर प्रदान गर्दछ । बाल सहभागितासम्बन्धी सामान्यतयाः दुई अवधारणाहरू रहेको पाइन्छ ।

- निर्णय प्रक्रिया र क्रियाकलापहरूमा बालबालिकाले भाग लिने वा तिनमा प्रभाव पार्ने ।
- आफ्नो व्यक्तिगत र सामाजिक जीवनसँग सरोकार राख्ने विषयवस्तुमा अन्य वयस्कहरूसँगै बालबालिका पनि संलग्न हुने/गराउने ।

## बाल सहभागिताको अधिकारमा के–कस्ता कृयाकलापहरू पर्दछन् ?

बाल सहभागिताका नाममा वयस्कका जिम्मेवारीहरू समेत बालबालिकालाई सुम्पने र बालबालिकालाई अत्यधिक शारीरिक वा मानसिक वोझमा पार्नु बाल सहभागिता होइन । आफनो 'बालापन' लाई गुमाउँदै बालबालिकालाई "साना वयस्क" का रूपमा परिवारमा दिइने जिम्मेवारी र त्यस्तो जिम्मेवारी विभिन्न कारणले वहन गर्नैपर्ने बाध्यता बाल सहभागिता होइन । बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा वढी जिम्मेवार वा कार्यबोझ दिनु बाल सहभागितामा पर्दैन ।

बाल सहभागितालाई सही ढङ्गले प्रवर्द्धन गर्न मूलतः वयस्कहरू बढी जिम्मेवार र सजक रहनुपर्ने देखिन्छ । बाल सहभागिताका नाममा नकारात्मक सोच वा भावनासहित सामाजिकीकरण हुन सक्ने जोखिमका सम्वन्धमा परिवार र बालबालिकाहरू जानकार हुनुपर्दछ । बालबालिकाको परिवार, समाज, राष्ट्र र वयस्कहरूप्रति घृणा वा वितृष्णा पैदा गर्नेगरी गरिएका सहभागिताले बालबालिकालाई कालान्तरमा नकारात्मक असर पर्नसक्ने भएकाले यस्ता कृयाकलापहरू पनि बाल सहभागितामा पर्दैनन् । सृजनात्मक, सकारात्मक, जीवनउपयोगी र बालबालिकाको जीवनमा सकारात्मक प्रभाव पार्ने सहभागितालाई मात्र बाल सहभागितामा राख्न सकिन्छ । उदाहरणका लागि कसैले व्यक्तिगत वा समुहगत फाइदाका लागि कुनै गैरकानुनी, राजनीतिक वा अपराधिक कृयाकलापमा सहभागी गराएर बाल सहभागिताको अपव्याख्या पनि गर्न सक्दछन् । यस्ता कृयाकलापका सम्वन्धमा सजग हुनै पर्दछ ।

बाल सहभागिता र बालबालिकाको प्रयोगका विषय अत्यन्त चुनौतीपूर्ण पनि छ । बाल सहभागिता बालअधिकार हो भने बालबालिकाको प्रयोग उनीहरूको अधिकारको हनन हो ।

बालबालिकालाई राजनीतिक क्रियाकलापमा प्रयोग गर्ने, विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा उमेर नसुहाउँदो उत्तेजित, यौनायुक्त गीत नृत्यमा संलग्न गराउने, पाहुनाको स्वागत वा विदाईमा उभ्याउने, जुलुस वा ऱ्यालीमा सहभागी गराउने, असान्दर्भिक विज्ञापन लगायत सञ्चार माध्यममा बालबालिकालाई विविध ढङ्गले प्रयोग गर्नेजस्ता धेरै खालका गतिविधिहरूमा बालबालिकाको प्रयोगबाट बालअधिकारको हनन हुन पुग्दछ । बालबालिका सहभागी भएका वा गराईएका क्रियाकलापहरूको उद्देश्य के छ ? ती बालमैत्री छन् वा छैनन र त्यो उनीहरूको उमेर र क्षमतासँग उपयुक्त छ वा छैन र ती कृयाकलाप वास्तवमा बालबालिकाको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने विषय हो वा होइन र कालान्तरमा त्यसले सम्बन्धित बालबालिकालाई कुनै दुरगामी नकारात्मक पार्ने संभावना हुन्छ वा हुदैन भनी विचार पुऱ्याउनु पर्दछ ।

## बालअधिकारका चार सिद्धान्तहरूमा क–के पर्दछन् ?

बालअधिकार महासन्धिमा उल्लेख गरिएका बालअधिकारका चार सिद्धान्तहरू निम्नानुसार रहेका छन् ।

| | |
|---|---|
| **१. भेदभावरहित अर्थात् अविभेद**<br>Non-Discrimination | सबै बालबालिकाले विना भेदभाव, विना पक्षपात सम्पूर्ण अधिकारहरू उपयोग गर्न पाउनुपर्दछ । कुनैपनि बालबालिकालाई निजको वा उसको बाबुआमा, अभिभावकको जाति, रङ्, लिङ्, भाषा, धर्म, राजनीति वा अन्य विचारहरू, राष्ट्रिय, जातीय वा सामाजिक सांस्कृतिक उत्पति वा पृष्ठभुमी, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नुपर्छ । (बालअधिकार महासन्धिको धारा २) । विभिन्न तहको सरकारले समेत आफ्ना कानुन, नीति, नियम, संरचना, बजेट र अभ्यासमा कुनै पनि खालका बालबालिकाहरूलाई भेदभाव नहुने सुनिश्चित गरेको हुनुपर्दछ । |
| **२. बालबालिकाको सर्वोत्तम हित**<br>Best Interest of Children | बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्छ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरू, अदालत, प्रशासनिक निकाय, विधायिकालगायत सबै निकाय वा सरोकारवालाहरूले बालबालिकासँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ (बालअधिकार महासन्धिको धारा ३) । के तिन तहका सरकारले तय गरेका कानुन, नीति, नियम, बजेट र अभ्यासहरूमा बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरिएका छन् ? बालबालिकासँग सम्बन्धित मात्र होइन, बालबालिकासँग प्रत्यक्ष सम्बन्धित नदेखिएका नीति, कार्यक्रम, बजेट र व्यवहारमा समेत बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको हुनुपर्दछ । |
| **३. बालबालिकाको जीवन, सुरक्षा र विकास**<br>Survival, Protection and Development | बाँच्न पाउनु बालबालिकाको जन्मसिद्व अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकासका निम्ति राज्यले यथासम्भव बढी भन्दा बढी प्रयास गर्नुपर्छ (बालअधिकार महासन्धिको धारा ६) । यस्तो प्रयास तिनै तहको सरकारको कानुन, नीति, नियम, बजेट र अभ्यासमा स्पष्ट रूपमा देखिनु पर्दछ । स्थानीय तहहरूले पनि आफ्नो नीति तथा कार्यक्रमहरूमा बालबालिकाको जीवन, सुरक्षा र विकासलाई प्राथमिकतामा राख्नुपर्दछ । |

| | |
|---|---|
| **४. बाल सहभागिता** (बालबालिकाको विचार र भावनाको कदर) Child Participation | बालबालिकासँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्कता अनुसार उचित मान्यता दिइनुपर्छ । बालबालिकाको उमेरगत सहभागिता सुनिश्चित गरिएको हुनुपर्दछ । बालबालिकालाई पनि समाजको एक अभिन्न अङ्ग स्विकार गरिएको हुनुपर्दछ (बालअधिकार महासन्धिको धारा १२) । स्थानीय सरकारको सात तहको योजना निर्माण प्रकृयामा बाल सहभागितालाई अनिवार्य गरिएको छ । विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति जस्ता संरचनामा पनि बालबालिकाको सहभागिताको व्यवस्था गरिएको छ । |

## नेपालको संविधान (२०७२) मा बालअधिकार र बाल सहभागितासम्बन्धी के–कस्तो व्यवस्था गरिएका छन् ?

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । यस धारामा उपधारा १ देखि १० सम्म बालबालिकाहरूको अधिकारहरूको उल्लेख गरिएको छ ।

उपधारा १ : प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक ।

उपधारा २ : प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक ।

उपधारा ३ : प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक ।

उपधारा ४ : कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै जोखिमपूर्ण काममा लगाउन नहुने हक ।

उपधारा ५ : कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण गर्न वा बन्धक राख्न नपाइने हक ।

उपधारा ६ : कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने हक ।

उपधारा ७ : कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने हक ।

उपधारा ८ : प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक ।

उपधारा ९ : असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक ।

उपधारा १० : यो धारा अन्तर्गतका उपधाराहरू ४, ५, ६ र ७ विपरित कार्य कानुन बमोजिम दण्डनीय हुने र यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक ।

नेपालको संविधानको धारा ३९ को उपधारा '३' मा बाल सहभागितालाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरिएको छ । संविधानको मौलिक हकमा नै बालसहभागितलाई बालबालिकाको मौलिक हककै रूपमा व्यवस्था गरिएकोछ । यो वाहेक पनि नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ञ)(५) मा "बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकरूपमा ध्यान दिने" भन्ने व्यवस्था छ ।

## विभिन्न नीति नीयमहरूमा बाल सहभागितासम्बन्धी के-कस्तो व्यवस्था गरिएको छ ?

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा ८.३८ देखि ८.४५ सम्म बाल सहभागितासम्बन्धी प्रावधानहरू रहेका छन् । जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व तथा बालबालिकासम्बन्धी नीति, ऐन तथा नियमहरूमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सुसूचित भई विना भेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने (बुँदा ८.४०), स्थानीयस्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृहसमेतमा बाल सहभागिता प्रवर्द्धन गर्न बालबालिकाको सङ्गठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइने (बुँदा ८.४२), विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र संस्थागत रूपमा रहने क्षेत्रहरूमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाँउ तथा नगरपालिकास्तरमा बालक्लव सञ्जालहरू विस्तार गरिने, तिनको दर्ता प्रक्रिया सरल गरी सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने (बुँदा ८.४३), आदी व्यवस्थाहरू बालबालिकासम्बन्धी राष्ट्रिय नीतिमा गरिएको छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार र दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार र दफा १४ मा खेदकुद, मनोरंजन तथा सांस्कृतिक सहभागिताको अधिकारको व्यवस्था गरिएको छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी, २०६८ को अनुसूची १.१ मा बाल सहभागितासम्बन्धमा स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखी १८ वर्ष उमेर समूहका बालबालिकाको संस्थागत सहभागिता, सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराउने, स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व गराउने, गाँउपालिका र नगरपालिकाको प्रत्येक वडामा बालसमूहको सञ्जाल गठन भई क्रियाशिल गराउने तथा जिल्ला, गाँउपालिका तथा नगरपालिका तहमा बालक्लव सञ्जालहरू गठन गरिने व्यवस्थाहरू गरिएको छ । बालमैत्री स्थानीय शासनका सूचकहरूमा स्थानीयतहको योजना निर्माण प्रक्रियामा बाल सहभागिता, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समितिमा बाल सहभागिता, बालक्लव तथा सञ्जालमा बाल सहभागिता लगायतका सूचकहरूको व्यवस्था गरिएको छ । पन्ध्रौ योजनाको बालबालिका

तथा किशोरकिशोरी शीर्षकको रणनीति तथा कार्य नीतिका विभिन्न बूँदाहरूमा बालबबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने उल्लेख गरिएको छ ।

बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको) को नियम ५(२) अनुसार सबै बालसमूहहरू स्थानीय तहमा अनिवार्य सूचीकृत तथा नवीकरण गरिनुपर्दछ । त्यस्तै, स्थानीय तहले विशिष्टीकृत बालसमुहका रूपमा विशेष प्रकृतिका आफ्नो संस्थागत बालसमूह पनि गठन गर्न सक्दछन् । सो निर्देशिकाका नियम १२ अनुसार बालसमुहहरूमा स्थानीय तहले वयस्क सहजकर्ताको चयन गर्न सक्ने तथा तिनका लागि पारिश्रमिकसमेतको व्यवस्था गर्न सकिने प्रावधान रहेको छ । नियम २६ अनुसार स्थानीय तहको योजना तर्जुमामा बालसमूहका प्रतिनिधित्वको व्यवस्था रहेको छ । स्थानीय तहबाट हुने योजना निर्माण चक्रमा बालसमुहको प्रतिनिधित्व र सहभागिता गराउनुपर्ने, बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बालसमूहका सदस्य वा प्रतिनिधिहरूलाई उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गर्नुपर्ने, गाँउस्तर तथा नगरस्तर वा जिल्लास्तरमा तोकिएको प्रक्रियामा बालभेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिनुपर्ने तथा योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे सरल भाषामा छुट्टै सार्वजनिक सुचना सार्वजनिक गर्नुपर्ने व्यवस्था छ भने कतिपय स्थानीय तहहरूले त्यस्ता अभ्यासहरू गर्दै आएका छन् । नियमित दुई वर्षसम्म पनि स्थानीय तहमा बालसमुहको जानकारी वा अद्यावधिक नगरिएमा त्यस्ता बालसमुहहरू विघटन हुन सक्ने र त्यस्ता बालसमूह स्थानीय तहको सूचीकरणबाट स्वतः खारेज हुने व्यवस्था समेत यसै निर्देशिकाको नियम २८ मा व्यवस्था गरिएको छ । यदि कुनै बालसमुह विघटन भएका सो बालसमूहको सम्पत्ति स्थानीय तहले जिम्मा लिने व्यवस्था पनि यसै निर्देशिकामा गरिएको छ ।

## संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र दिगो विकासका लक्ष्यहरूमा बाल सहभागितासम्बन्धी के व्यवस्था गरिएको छ ?

बाल सहभागिता सम्वन्धमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १२ मा स्वतन्त्र विचारको अधिकार, धारा १३ मा अभिव्यक्तिको अधिकार, धारा १४ मा स्वतन्त्र आस्थाको अधिकार, धारा १५ मा सङ्गठनको अधिकार र धारा १७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । बालअधिकारसम्बन्धी महासन्धिका चारवटा सामान्य सिद्धान्तहरूमध्ये एक सिद्धान्तका रूपमा समेत बाल सहभागितालाई स्वीकार गरिएको छ । बालअधिकार महासन्धिका सिद्धान्तहरू तथा प्रावधानहरूले आफ्ना अधिकारको परिपूर्तिका लागि बालबालिकालाई 'नागरिक' (as Citizens) र 'सक्रिय कर्ता' (as Active Actors) को रूपमा लिएको छ । अनि सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई सम्मान गर्दै नैतिकतापूर्ण र अर्थपूर्ण तरिकाले सहभागी

हुनका लागि अवसर सिर्जना गर्ने आधारभूत दायित्व वयस्क व्यक्ति तथा संस्थालाई सुम्पेको छ । दिगो विकासको लक्ष्य नं. १६.७ मा सबै तहमा जवाफदेही, समावेशी, सहभागितात्मक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने प्रतिवद्धता रहेको छ ।

## स्थानीय तहमा बाल सहभागिता किन आवश्यक छ ?

बालबालिकालाई उनीहरूसँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार रहन्छ । बालबालिकाको सर्वोत्तम हित कायम गर्न उनीहरूको विचार र भावनाको कदर गर्दै आफ्ना बारेमा गरिने क्रियाकलाप तथा योजनामा अर्थपूर्ण सहभागिता र पैरवीका लागि उनीहरूको सङ्गठित हुन पाउने समेतको अधिकारको सुनिश्चित गरिनु पर्दछ । आफ्नो स्थानीय तहमा बालअधिकार र बाल संरक्षणसँग सम्बन्धित विभिन्न सवालहरूको सम्वोधन हुन नसक्दा बाल सहभागितामा समेत प्रभाव परिरहेको हुन सक्दछन् । त्यसैले सबै स्थानीय तहहरूले बाल सहभागितासम्बन्धी छुट्टै नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ । सर्लाहीको गोडैता नगरपालिका यस्तो प्रयास गर्ने पहिलो स्थानीय तह हो । गोडैता नगरपालिकाले बाल सहभागितासम्बन्धी कार्यविधी २०७६ कार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

## बाल सहभागिताका विशिष्टिकृत क्षेत्रहरू के–के हुन् ?

बाल सहभागिता कार्यान्वयन गर्दा बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषय तथा क्षेत्रहरूमा बालबालिकाको अनिवार्य रूपमा अर्थपूर्ण सहभागिता गराउनु पर्दछ । यसकालागि निम्न प्राथमिकताका विशिष्टीकृत क्षेत्रहरूमा बाल सहभागितालाई प्रवर्द्धन गर्नुपर्दछ ।

| बाल सहभागिताका विशिष्टिकृत क्षेत्रहरू | बाल सहभागिताका लागि गर्न सकिने मुख्य कृयाकलापहरू |
|---|---|
| घरपरिवार | - घरपरिवार तहका सरसल्लाह र निर्णयहरूमा परिवारका बालबालिकाहरूको सहभागिता हुनु पर्दछ ।<br>- स्थानीय सरकारले घरपरिवार तहमा बाल सहभागिताका लागि सचेतना र प्रवर्धन गर्न सक्दछ । |

| | |
|---|---|
| **विद्यालय** | - विद्यालयका योजना तथा निर्णय प्रक्रियामा संस्थागत बाल सहभागिता हुनुपर्दछ ।<br>- सबै विद्यालय (सामुदायिक र संस्थागत) मा विना भेदभाव बाल सहभागिता रहनेगरी बालक्लवहरू गठन गर्नुपर्दछ ।<br>- विद्यालय व्यवस्थापन समितिमा लैङ्गिक पहिचानका आधारमा बाल सहभागिता सुनिश्चित गर्दै कम्तिमा एक बालिका र एक बालकको सहभागितासहित कम्तिमा दुई जनाको सहभागिता गराउनुपर्दछ ।<br>- विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री बनाउन सरकारी तथा गैरसरकारी संस्था तथा विकास साझेदाहरूसँगको समन्वयमा समेत थुप्रै प्रकारका परियोजना तथा कार्यक्रमहरू लागू गर्न सकिन्छ । |
| **समुदाय** | - बालबालिकाका सरोकारसँग प्रत्यक्ष सम्बन्धित समुदाय तहमा बन्ने समिति, समूह, औपचारिक तथा अनौपचारिक संस्थाहरू र अभ्यासहरूमा बाल सहभागिता सुनिश्चित गराउनुपर्दछ ।<br>- बालबालिकाका सरोकारसँग प्रत्यक्ष सम्बन्धित समुदायमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरूमा बाल सहभागिता सुनिश्चित गराउनु पर्दछ ।<br>- समुदायको सामाजिक, सांस्कृतिक, भौगोलिक लगायतका विभिन्न पृष्ठभुमीका आधारमा बालबालिकाको विशेष प्राथमिकतालाई ध्यान दिइ सहभागिता गराउनु पर्दछ । |
| **बालक्लव तथा सञ्जाल** | - स्थानीय तहका वडा कार्यालयहरूले आफ्नो भुगोलभित्रका सबै विद्यालय (सामुदायिक र संस्थागत) हरूमा र आवश्यकता अनुसार समुदायमा समेत कुनै पनि बालबालिका नछुट्ने गरी बालक्लवहरू गठन गर्नुपर्दछ ।<br>- बाल-समूहहरूवीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसरहरू सृजना गर्न बालक्लव सञ्जालहरू गठन गर्नु पर्दछ । यस्ता बालक्लव सञ्जालहरू सम्बन्धित वडा तहमा रहेका सबै बालक्लवहरूलाई समेटी सबै वडाहरूमा गठन गर्नुपर्दछ ।<br>- सबै वडाहरूका बालक्लव सञ्जालहरूलाई समेटेर स्थानीय तहमा एक बालक्लव सञ्जाल गठन गर्नुपर्दछ । बालक्लव तथा सञ्जालहरूले आफूहरूमध्येबाट नेतृत्व छनौट गरी कार्यसमिति गठन गर्दछन् ।<br>- यसरी नेतृत्व छनौट गर्दा कम्तिमा पचास प्रतिशत बालिकाहरूको नेतृत्व सुनिश्चित गर्नु पर्दछ ।<br>- बालक्लव तथा सञ्जालको नेतृत्वमा समुदायमा सामाजिक, सांस्कृतिक र अन्य विभिन्न कारणहरूले पछाडि पारिएका समुदायका बालबालिका, फरक लैङ्गिक पहिचान भएका बालबालिका तथा अपाङ्गता भएका बालबालिका समेतको नेतृत्वदायी सहभागितालाई अनिवार्य रूपमा स्विकार्नु पर्दछ ।<br>- एक विद्यालयमा कम्तिमा एक बालक्लव बनाउनु पर्दछ ।<br>- सबै बालबालिकालाई समेट्नका लागि बालक्लवभित्र विभिन्न उपसमूहहरू बनाएर बालक्लवका विभिन्न प्रक्रियाहरूमा सहभागिता गराउन सकिन्छ । यस्ता उपसमूहहरू गठन गर्दा तीनवटा उमेर समूह (क) पाँचदेखि एघार वर्ष उमेरसम्मका (ख) बाह्रदेखि पन्ध्र वर्ष उमेरसम्मका (ग) सोह्रदेखि अठार वर्ष उमेरसम्मका) का आधारमा गठन गर्न सकिन्छ ।<br>- स्थानीय तहहरूले आवश्यकताअनुसार बालक्लव तथा सञ्जाल गठन तथा सञ्चालनसम्बन्धी विस्तृत कार्यविधि तयार गरी बालक्लव तथा सञ्जालहरूलाई थप व्यवस्थित गर्नु उपयुक्त हुन्छ । |

| | |
|---|---|
| **स्थानीय तहहरू तथा वडाहरू** | - स्थानीय तहको शासन, विकास निर्माणका चरण (योजना, कार्यान्वयन, अनुगमन, मुल्यांकन), सूचना सम्प्रेषण, सार्वजनिक जवाफदेहिताका प्रक्रियाहरू र कार्यक्रमहरूमा बालक्लव तथा बाल-सञ्जालमार्फत संस्थागत अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नुपर्दछ ।<br>- स्थानीय तहको सबै योजनाको पुरा चरणमा संस्थागत बाल सहभागिता सुनिश्चित गर्नुपर्दछ ।<br>- स्थानीय तहमा नियमित बाल भेलामार्फत बालबालिकाका आवाज र सवालहरूको संस्थागत सुनुवाइको व्यवस्था गर्नुपर्दछ ।<br>- बालबालिकाका सवालहरूको सम्वोधन र बाल सहभागितासँग सम्बन्धित कार्यका लागि आवश्यक नीतिगत र स्रोतको व्यवस्था स्थानीय तहले आफैं वा सरोकारवालाहरूसँग समन्वयमा गर्न सकिन्छ ।<br>- स्थानीय तह र वडा तहमा बन्ने बालअधिकारसँग सम्बन्धित समिति संरचनाहरू तथा अन्य औपचारिक र अनौपचारिक समितिहरूमा बालबालिका समेतको संस्थागत सहभागिता सुनिश्चित गरिनु पर्दछ ।<br>- स्थानीय तहको कार्यपालिकामा एक बाल-सल्लाहकार समूह पनि बनाउन सकिन्छ । यस्तो सल्लाहकार समूह स्थानीय तहको कार्यपालिकालाई नगर वा गाँउपालिका स्तरिय बालक्लव सञ्जालले एक वर्षका लागि सिफारिस गर्ने व्यवस्था गर्न सकिन्छ । बाल-सल्लाहकार समूहमा बालबालिकाको सिफारिस गर्दा नगर वा गाँउपालिकास्तरिय बालक्लव सञ्जालले समावेशीताका आधारमा सिफारिस गर्नुपर्दछ । बाल-सल्लाहकार समूहले गाँउ तथा नगर कार्यपालिकालाई आवश्यकता अनुसार बैठक गरी बालबालिकासँग सम्बन्धित सवालहरू, गाँउ वा नगरपालिकाका नीति, नियम, कानून, योजना, बजेट लगायतका सवालहरूमा प्राविधिक तथा विषयगत सुझाव सल्लाह उपलब्ध गराउन सक्दछन् । यस्ता प्राविधिक तथा विषयगत सुझावहरू बाल-सल्लाहकार समूहले बालक्लव तथा सञ्जालहरूको सामुहिक छलफलबाट तय गर्न सक्दछन् । |

## बालमैत्री स्थानीय शासन भन्नाले के बुझिन्छ ?

बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance - CFLG) भन्नाले स्थानीय स्तरमा रहेका भौतिक संरचना, स्थानीय स्तरमा बन्ने योजना, कार्यक्रम, विनियोजन हुने बजेट सबै बालबालिकालाई विशेष ध्यानमा राखी गरिने कार्य प्रकृया हो । बालमैत्री स्थानीय शासनको अभ्यासमा बालबालिकाको बाँच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र अर्थपूर्ण सहभागिताको अधिकारको सुनिश्चिता स्थानीय स्तरबाटै स्थानीय तहको नेतृत्वमा हुने गर्दछ । बालमैत्री स्थानीय शासन बालबालिकाका सवालहरूको सम्वोधन, बालबालिकाका सवालमा संवेदनशिलता र बाल सहभागिताको एक उच्चतम नमुना हो । नेपालका धेरै स्थानीय नीकायहरूले बालमैत्री स्थानीय शासनको अभ्यास र घोषणा गरेका थिए । संघीय संरचनामा गएपश्चात् स्थानीय सरकारका रूपमा रही काम गरिरहेका धेरै स्थानीय तहहरूले आफ्नो स्थानीय तहलाई बालमैत्री स्थानीय तहका रूपमा बनाउनका लागि आवश्यक निर्णय, नीतिगत व्यवस्था, स्रोतको व्यवस्थापन र घोषणासमेतका काम गरी बालमैत्री स्थानीय शासनको अभ्यास गरिरहेका छन् ।

## बालमैत्री स्थानीय शासनका सूचकहरू के–के छन् ?

बालमैत्री स्थानीय शासन लागू भएको घोषणा हुन वर्तमान अवस्थामा ३९ वटा सूचकहरू पूरा भएको हुनु पर्दछ । यसमा २७ वटा सूचकहरू सेवा प्रवाहसम्बन्धी र १२ वटा सूचकहरू संस्थागत विकाससँग सम्बन्धित रहेका छन् । २७ वटा सेवा प्रवाहसँग सम्बन्धित सुचकहरूमा बाँच्न पाउने अधिकारसँग सम्बन्धित १० वटा, संरक्षणको अधिकारसँग सम्बन्धित ५ वटा, विकासको अधिकारसँग सम्बन्धित ६ वटा र सहभागिताको अधिकारसँग सम्बन्धित ६ वटा रहेका छन् ।

## बालमैत्री स्थानीय शासन अन्तर्गत बाल बचाऊसम्बन्धी सूचकहरूमा के–के पर्दछन् ?

१. शिशुको जन्मदेखि ६ महिनासम्म शिशुलाई आमाको दुध मात्रै खुवाएको हुनुपर्ने,
२. एक वर्षभित्रै सबै खोप (बिसिजी, डिपिटी, हेपटाइटिस बी, हिब ३, पोलियो, दादुरा) पूर्णरूपमा पाएको हुनुपर्ने,
३. छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने,
४. गर्भवतीलाई दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,
५. गर्भवती महिलाहरूले कम्तिमा प्रसूति हुनु अगाडी कम्तिमा ४ पटक र सुत्केरी भइसकेपछि बच्चासमेत लिएर ३ पटक स्वास्थ्य जाँच गराउनुपर्ने
६. गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाएको हुनुपर्ने,
७. एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले एआर्भी प्रोफिलाक्सिस पाएको हुनुपर्ने,
८. गर्भवती तथा सुत्केरी आमाहरूले जम्मा २२५ वटा आईरन चक्की खाएको हुनुपर्ने,
९. सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने,
१०. साबुन पानीले हात धुने बानीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।

## बालमैत्री स्थानीय शासन अन्तर्गत बाल विकाससम्बन्धी सूचकहरूमा के–के पर्दछन् ?

१. तीन देखी चार वर्ष उमेर पुगेका बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,
२. पाँचदेखि बाह्र वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनुपर्ने ।
३. कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरू विद्यालय भर्ना भएका हुनुपर्ने,
४. विद्यालय जान नपाएका बालबालिकाहरूले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने,

५. प्रत्येक विद्यालयमा छात्र र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने,

६. प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ

**बालमैत्री स्थानीय शासन अन्तर्गत बाल संरक्षणसम्बन्धी सूचकहरूमा के–के पर्दछन् ?**

१. पाँच वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने,

२. बाल विवाहको संख्यामा कमी आएको हुनुपर्ने,

३. निकृष्ट प्रकारको बालश्रम घटेको हुनुपर्ने,

४. घरपरिवार र समुदायवाट बालबालिका विरूद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,

५. बाल संरक्षणसम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने,

**बालमैत्री स्थानीय शासन अन्तर्गत बाल सहभागितासम्बन्धी सूचकहरूमा के–के पर्दछन् ?**

१. स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,

२. स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनुपर्ने,

३. स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिता हुने संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,

४. हरेक गाँउपालिका र नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भई सक्रिय रहेको हुनुपर्ने,

५. नगर तथा गाँउ तहमा बाल सञ्जाल गठन भएको हुनुपर्ने,

६. विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनुपर्ने,

**बालमैत्री स्थानीय शासन अन्तर्गत बालमैत्री स्थानीय शासनको संस्थागत विकाससम्बन्धी सूचकहरू के–के पर्दछन् ?**

१. गाँउ सभा वा नगर सभाको बैठक नियमित रूपमा सञ्चालन भएको,

२. स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता बनाएर लागू गरेको,

३. स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको,

४. स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशिल रहेको,

५. स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहेको,

६. स्थानीय स्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएको,

७. स्थानीयस्तरमा बाल क्लवहरूको सक्रियता रहको,
८. स्थानीयस्तरमा प्यारालिगल कमिटि, बालअधिकार संरक्षण र सम्वर्धनमा क्रिशाशिल रहेको,
९. स्थानीय स्तरमा बाल सञ्जाल विकास भई स्थानीय तह र जिल्लामा उनीहरूको प्रतिनिधित्व रहेको,
१०. बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको,
११. नगर तथा गाँउ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकिकृत नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको,
१२. बालबालिकासम्बन्धी स्थितीपत्र तयार तथा प्रकाशन र अद्यावधिक भएको,

## बालमैत्री स्थानीय शासनका लागि स्थानीय तहमा के–कस्ता समितिहरू रहेका हुन् ?

बालमैत्री अवधारणाले बालअधिकारका समग्र पक्षहरू (चारवटै अधिकारका क्षेत्रहरू तथा संस्थागत) को प्रवर्द्धन गर्दछ । स्थानीय शासनमा बालमैत्री अवधारणालाई सुशासनको एक महत्त्वपूर्ण अङ्को रूपमा समेत लिइएको हुन्छ । स्थानीय तहमा सुशासनको प्रवर्धन गर्नका लागि सम्बन्धित स्थानीय तहले बालमैत्री अवधारणालाई नीति, संरचना, बजेट र व्यवहारमा लागू गर्नुपर्दछ । नेपाल सरकारले बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयन गरिरहेको छ (यो कार्यविधीमा समयानुकल आवश्यक संशोधन गर्नका लागि छलफल तथा तयारी गरिएकोछ) । नेपालमा बालमैत्री स्थानीय तह अर्थात बालमैत्री गाउँपालिका तथा बालमैत्री नगरपालिका घोषणा गर्ने काम पनि जारी छ । स्थानीय तहमा नगरपालिकाहरूमा नगर प्रमुखको अध्यक्षतामा बालमैत्री स्थानीय शासन नगर समिति तथा गाँउपालिकामा सम्बन्धित गाँउपालिकाको अध्यक्षको अध्यक्षतामा बालमैत्री स्थानीय शासन गाउँ समितिहरू क्रियाशील रहेका हुन्छन् ।

## स्थानीय तह तथा वडा समितिहरूको बालबालिकासँगसम्बन्धीात काम, कर्तव्य र अधिकार के–कस्ता रहेका छन् ?

स्थानीय तह तथा तिनका वडा समितिहरूले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेका विभिन्न अधिकारहरूमध्ये बालबालिकासँग सम्बन्धित मुख्य काम, कर्तव्य र अधिकारहरू निम्न रहेका छन् :

## १. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

सहभागितामुलक योजना निर्माण प्रकृयामा बालबालिकाको समेत सहभागिता सुनिश्चित गरिनुपर्दछ । प्रत्येक वडाका टोल टोलमा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि योजना छनौटपूर्व नै बालभेला गरिनु पर्दछ । यस्तो बाल भेलाहरूको संयोजन वडा कार्यालय र स्थानीय तहको बालबालिका शाखाले गर्दछन् भने त्यसको सहजीकरण बाल क्लब र बाल क्लव सञ्जालहरूले गर्दछन् । स्थानीय तहको योजना निर्माण प्रकृयाको सात तह अन्तर्गत बाल भेलालाई पनि अनिवार्य प्रकृयाका रूपमा व्यवस्था गरिएको छ ।

## २. तथ्याङ्क अद्यावधिक तथा संरक्षण

सबै स्थानीय तहहरू र सो अन्तर्गत रहेका वडा समितिहरूले आ–आफ्नो वडाभित्रका विभिन्न शिर्षकहरूसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क र सूचनासहितको पाश्वर्वचित्र तयार तथा अद्यावधिक गर्नुपर्दछ । बालबालिकासँग सम्बन्धित तथ्याङ्कहरूलाई पनि अभिलेखीकरण र अद्यावधिक गरिनुपर्दछ । बालबालिकाहरूको खण्डीकृत तथ्याङ्क र सूचनासहितको पाश्वर्वचित्र तयार तथा अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

## ३. विकास कार्य

सबै स्थानीय तहहरू र सो अन्तर्गत रहेका वडा कार्यालयले विकाससँग सम्बन्धित विभिन्न कार्यहरू गर्नुपर्दछ । यस्ता विकास कार्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विकास कार्यसम्बन्धी काम, कर्तव्य र अधिकारलाई यहाँ लिपिबद्ध गरिएको छ । यहाँ उल्लेख गरिएका विकास कार्यहरू कति प्रत्यक्ष बालबालिकासँग सम्बन्धित छन् भने कतिपय अप्रत्यक्ष रूपमा सम्बन्धित पनि रहेका छन् । स्थानीय तहको योजना निर्माण प्रकृयामा बालबालिकासँग सम्बन्धित यस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिएको हुनुपर्दछ ।

| | |
|---|---|
| **शिक्षा** | अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बाल क्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने, वडालाई बालमैत्री बनाउने, विद्यार्थी भर्ना, बालमैत्री शासनजस्ता प्रवर्धनात्मक कार्यहरू गर्ने, |
| **स्वास्थ्य** | सुरक्षित मातृत्व, पूर्ण खोप, वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने, खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने, पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना बिकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने, शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने गराउने, प्रसुति गृह निर्माण, प्रसुतिसम्बन्धी सामग्री वा औजार व्यवस्थापन कार्य, प्रजनन् स्वास्थ्यसम्बन्धी कार्यक्रम, एच आई भी एड्स तथा टि टि खोपसम्बन्धी कार्यहरू गर्ने, |

| | |
|---|---|
| **वातावरण तथा सरसफाई** | बाल उद्यानको व्यवस्था गर्ने, सार्वजनिक शौचालय, स्नानगृह, वडालाई वातावरणमैत्री बनाउने, खुला दिशामुक्त सरसफाई कार्यक्रम गर्ने, |
| **पूर्वाधारको विकास, विस्तार र संरक्षण** | प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, हिंसा पीडित बालबालिका, किशोरकिशोरी, महिलाहरूको लागि आश्रय स्थल निर्माण तथा सञ्चालन, बालमैत्री पूर्वाधार निर्माण, छात्रावास तथा अन्य सामुदायिक सेवाका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने गराउने । |
| **सामुदायिक सेवा घटना दर्ता र पंजिकरण तथा चाडपर्व सञ्चालन र व्यवस्थापन, सामाजिक सुरक्षा प्रबन्धन र सुरक्षा भत्ता वा बृत्ति विकास आर्थिक सहयोग** | अन्तरविद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने, प्रचलित कानून वमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने, व्यक्तिगत घटना दर्तासम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने, सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने, वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने, विभिन्न समुदायविच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने, |

## ४. नियमन कार्य

सबै स्थानीय तहहरू र सो अन्तर्गत रहेका वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तह तथा वडाहरूको हुन्छ । जसअन्तर्गत विकासका योजनाहरूको छनौट प्रकृयामा बालबालिकाको सहभागिता भएनभएको सुनिश्चित गर्नुपर्दछ । वडाभित्रका उद्योगधन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्नेसँगै यस प्रकारका उद्योगधन्दा र व्यवसायहरूमा बालश्रमिक प्रयोग भए नभएको पनि नियमन गरी सुनिश्चित गर्नुपर्दछ । परम्परागत हानिकारक अभ्यासहरू जस्तै बाल श्रम, बाल विवाहसँग सम्बन्धित नीति नियमहरूको कार्यान्वयन भएनभएको तथा परम्परागत हानिकारक अभ्यासहरूको अन्त्यका लागि भएका प्रयासहरू समेतको नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई रहेको छ ।

## ५. सिफारिस लगायतका अन्य कार्यहरू

कानूनले दिएको अधिकारभित्रको कसैको कुनै काम सम्पन्न गर्नका लागि त्यस्ता काम वा व्यक्तिका बारेमा गरिने मौखिक वा लिखीत स्वीकृति, अनुमोदन, बेरोकताको अबस्था प्रदान गर्ने आदि काम वा पत्र आदिलाई सिफारिस भनिन्छ । सबै स्थानीय तहहरू र सो अन्तर्गत रहेका वडासमितिको प्रमुख पाँच कार्य जिम्मेवारी र अधिकार क्षेत्र मध्ये यो एक महत्त्वपूर्ण र अति आवश्यक सेवासँग सम्बन्धित काम हो । यस प्रकारका सिफारिस तथा प्रमाणित गर्नेसम्बन्धी अधिकारमा बालबालिकासँग सम्बन्धित विषयहरू पनि पर्दछन् । उदाहरणका

लागि जन्म दर्ता बालबालिकाको प्रमुख अधिकारमा पर्दछ । यहाँ वडाले गर्ने ३५ भन्दा बढी सिफारिस तथा प्रमाणितसम्बन्धी अधिकारहरू मध्ये बालबालिकासँग बढी सम्बन्धित प्रमाणित तथा सिफारिसहरूको सूची दिइएको छ ।

- नाता प्रमाणित गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक (फरक भएको भए सो व्यक्ति कै हो भन्ने सिफारिस गर्ने) परेकोमा सिफारिस गर्ने,
- नाम, थर, जन्म मिति संसोधनको सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जिवितसँगको नाता प्रमाणित गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- आधारभूत विद्यालय खोल्न सिफारिस गने,
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
- अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेकोसम्बन्धी सिफारिस गर्ने,
- विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

स्थानीय तहहरूले सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन स्थानिय सरकार सञ्चालन ऐन, दफा ११(२) (त) (५), बालमैत्री स्थानीय तह तथा वडाहरू बनाउने दफा १२(२) (ग) (२९), स्थानीय तह तथा वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने दफा १२(२) (ग) (३०), सडक बालबालिकाको उद्धार र पुर्नर्स्थापनाको लागि लगत सङ्कलन गर्ने दफा १२(२) (ग) (३६) र बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने दफा १२(२) (ग) (३२) लगायतका व्यवस्थाहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानिय सरकारको काम, कर्तव्य र अधिकारका रूपमा व्यवस्था गरी स्थानीय सरकारलाई बालअधिकारको सम्मानका लागि थप जिम्मेवार बनाएको छ ।

## स्थानीय तहको योजना तर्जुमासम्बन्धी विद्यमान नीतिगत प्रावधानहरू के–के छन् ?

गाउँपालिका तथा नगरपालिकाको योजना तर्जुमा गर्दा आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिक विषय क्षेत्रगत दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्दछ । योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्दछ । बालबालिकाका सवालहरू, बालअधिकार र बालमैत्री स्थानीय शासन पनि योजना तर्जुमामा विशेष ध्यान दिनुपर्ने विषय हो । योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरूको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण तथा छनौट गर्नु पर्दछ । योजना तर्जुमा गर्दा मध्यम र दीर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची तयार गर्नु पर्दछ । यसका लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत योजना तर्जुमा कार्यविधि बमोजिमको विधि तथा प्रक्रिया अनुसरण गर्नु पर्दछ ।

## स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू के–कस्ता रहेका छन् ?

स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विद्यमान व्यवस्थाअनुसार केही विषयहरूलाई आधार लिनुपर्दछ । स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विद्यमान व्यवस्थाहरूमा आधारित रहेर सुझाइएका प्राथमिकतामा आधारित रहेर गर्नुपर्दछ । प्राथमिकतामा राख्नुपर्ने विषयहरू निम्नानुसार छन् :

- नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू,
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राजश्व परामर्श समितिको प्रतिवेदन
- स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत र बजेट अनुमान,
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता
- आवधिक योजना, रणनीतिक योजना, विषय क्षेत्रगत गुरूयोजना
- आय र व्ययको विवरण
- दीर्घकालीन गुरूयोजना अनुरूप वार्षिक कार्यक्रमको प्राथमिकता र लक्ष्य निर्धारण
- क्षेत्रगत बजेट विनियोजन र खर्चको सीमा निर्धारण
- करको दर र दायरा निर्धारण (No Taxation without Representation)

- सरकारको आर्थिक तथा सामाजिक विकास अवस्थाको चित्र प्रस्तुती
- दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय तथा प्रादेशिक योजनाले लिएका सोच, लक्ष्य तथा उद्देश्यहरू

स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना, मर्म, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू, क्षेत्रगत बजेट विनियोजन, दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय तथा प्रादेशिक योजनाले लिएको सोच, लक्ष्य तथा उद्देश्यहरू लगायतका आधारहरूलाई प्राथमिकतामा राखी योजना छनौटको काम गर्नुपर्ने भएकाले बालबालिकाका सवालहरू पनि यस अन्तर्गत प्राथमिकतामा पर्ने नै भए । स्थानीय तहले पनि बालअधिकार र बालबालिकाका सवालहरूलाई प्राथमिकतामा राखी योजना तर्जुमा गर्नुपर्ने कानुनी दायित्व रहेको हुन्छ ।

## स्थानीय तहको योजना तथा बजेट तर्जुमाका प्राथमिकताका आधारहरू के–के छन् ?

स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रकृयामा निम्न प्राथमिकताका आधार हरूलाई ध्यान दिनुपर्दछ । स्थानीय तहहरूले आफ्नो योजना तथा बजेट तर्जुमा गर्दा यहाँ उल्लेखित विषयहरूमा प्राथमिकता दिएर मात्र तर्जुमा गर्नुपर्दछ ।

- गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने
- आम्दानी र रोजगार वृद्धि गर्ने
- लागत सहभागिता जुट्ने
- स्थानीय श्रोत, साधन र सीपको प्रयोग हुने
- समावेशी विकासमा योगदान पुर्‍याउने
- दिगो विकास र वातावरण संरक्षण गर्ने
- स्थानीय भाषिक र सांस्कृतिक विकास गर्ने

स्थानीय तहले योजना तथा बजेट तर्जुमा गर्दा गरिबी निवारणलाई प्रत्यक्ष योगदान पुग्ने, समावेशी विकास र दिगो विकासका लागि योगदान पुग्ने लगायतका विषयहरूलाई प्राथमिकता दिनु पर्दछ ।

## स्थानीय तहको योजना तर्जुमाका आधारभूत विषयगत क्षेत्रहरू तथा उपक्षेत्रहरू के–के छन् ?

स्थानीय तहले योजना तर्जुमा गर्दा देहायका विषयक्षेत्र तथा उपक्षेत्रहरूलाई ध्यान दिनुपर्ने व्यवस्था छ । स्थानीय तहहरूमा सोही अनुसारका समितिहरू गठन गरिएका हुन्छन् । सोही अनुसार स्थानीय परिवेश तथा आवश्यकताका आधारमा योजना तर्जुमा गर्नुपर्ने प्रावधान् रहेको छ ।

| विषयगत क्षेत्र | उपक्षेत्रहरू |
|---|---|
| **आर्थिक विकास** | कृषि, सिञ्चाई, पशुपालन, उद्योग, व्यवसाय, पर्यटन, रोजगार, वित्त तथा वैकिङ |
| **सामाजिक विकास** | शिक्षा तथा मानव संशाधन, जनसंख्या, स्वास्थ्य र पोषण, खानेपानी र सरसफाई, महिला, बालबालिका तथा पिछडिएको वर्ग, युवा तथा खेलकुद, कला र संस्कृति |
| **भौतिक पूर्वाधार विकास** | आवास, भवन र सार्वजनिक निर्माण, सडक, पुल र यातायात, विद्युत र वैकल्पिक उर्जा, सूचना, सञ्चार र प्रविधि |
| **वन, वातावरण तथा विपद व्यवस्थापन** | वन, हरियाली र जैविक विविधता, भूमि तथा जलाधार व्यवस्थापन, वातावरण, फोहोरमैला व्यवस्थापन, विपद उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकुलन |
| **सुशासन तथा संस्थागत विकास** | सङ्गठन तथा क्षमता विकास, स्रोत परिचालन, नीति तथा कानूनी व्यवस्था पालना अनुगमन, सामुदायिक सशक्तिकरण |

सामाजिक विकास अन्तर्गत शिक्षा तथा मानव संशाधन, जनसंख्या, स्वास्थ्य र पोषण, खानेपानी र सरसफाई, महिला, बालबालिका तथा पिछडिएको वर्ग, युवा तथा खेलकुद, कला र संस्कृति लगायतका सवालहरूलाई प्राथमिकतामा राखी योजना तथा बजेट तर्जुमा गर्नुपर्दछ । यस्ता सवालहरू प्रत्यक्ष रूपमा बालबालिकाहरूसँग सम्बन्धित रहेका छन् ।

## स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमाका चरण तथा समयावधी के-कस्तो रहेको छ ?

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमाका चरणहरूमा मुख्य रूपमा सात चरणमा समेटिएको छ । सबै चरणहरूकालागि समयावधीको समेत व्यवस्था गरिएको छ ।


| | चरणहरू | समयावधी | |
|---|---|---|---|
| **चरण १** | **बजेटको पूर्व तयारी** | | |
| | **आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण संघीय सरकारमा पेश गर्ने** | षौष मसान्तभित्र | स्थानीय तहहरूले आय व्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण संघीय सरकारमा पेश गर्दा बालबालिकाका सवाललाई समेत प्राथमिकता दिनु पर्दछ । |
| | **संघ र प्रदेशबाट बजेटको सिमा प्राप्त गर्ने** | चैत्र मसान्तभित्र | संघ र प्रदेशबाट बजेटको सिमा स्थानीय तहहरूलाई प्राप्त हुँदा दिगो विकास, मानविय विकास, सामाजिक विकासहरूलाई समेत प्राथमिकता दिनु पर्ने उल्लेख गरिएको हुन्छ त्यसैले स्थानीय सरकारले बालबालिकाका सवाललाई प्राथमिकता दिनु दायित्व रहन्छ । |
| **चरण २** | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | बैशाख १० भित्र | स्थानीय तहहरूले आफ्ना वडाहरूलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा बालबालिका सवालमा समेत प्राथमिकता दिने सम्वन्धमा स्पष्ट उल्लेख गर्नुपर्दछ । |

| | | | |
|---|---|---|---|
| **चरण ३** | **बस्ती तहको योजना छनौट** | बैशाख मसान्तभित्र | बस्ती तहको योजना छनौट प्रकृयाभन्दा पूर्व नै सबै बस्तीहरूमा बालभेला अनिवार्य गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी बालभेलाहरूबाट आएका सुझाव, सल्लाह तथा बालबालिकाका योजनाहरूलाई बस्ती तहमा बाल क्लव तथा बाल क्लब सञ्जालका प्रतिनीधिले पेश गर्दछन् । |
| **चरण ४** | **वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | जेष्ठ १५ भित्र | बालभेलाहरूबाट आएका सुझाव, सल्लाह तथा बालबालिकाका योजनाहरूलाई बस्ती तहमा बाल क्लव तथा बाल क्लब सञ्जालका प्रतिनीधिले छलफल गर्दछन् । वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण गर्दा बालबालिकाहरूको योजना तथा बजेटलाई प्राथमिकता दिनुपर्दछ । आवश्यकताअनुसार बाल क्लव तथा बाल क्लव सञ्जालका प्रतिनीधिसँग पनि वडा समितिले छलफल गर्नुपर्दछ । |
| **चरण ५** | **बजेट तथा कार्यक्रम तर्जुमा** | असार ५ भित्र | बार्षिक योजना तथा बजेट तर्जुमा समिति तथा विषयगत समितिहरूले बाल क्लव तथा बाल क्लब सञ्जालका प्रतिनीधिहरूसँग छलफल गर्नु गरी बस्ती तथा वडाहरूबाट आएका योजनाहरूका बालबालिकाका के-कस्ता सवालहरू समावेश भएका छन् भन्ने सम्वन्धमा छलफल गर्नुपर्दछ । बालबालिकाका प्रतिनीधिहरूले पनि यस्ता समितिहरूसँग छलफल तथा अन्तरकृया गर्नुपर्दछ । |
| **चरण ६** | **गाँउ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत** | असार १० भित्र | गाँउ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्दा बालबालिकाका कार्यक्रमहरूलाई पनि प्राथमिकता दिनुपर्दछ । |
| **चरण ७** | **गाँउ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत** | | गाँउ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएपश्चात् बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूको वारेमा बाल क्लव र बालक्लव सञ्जालका प्रतिनीधिहरूमार्फत बालबालिकाहरूलाई जानकारी गराउनुपर्दछ । |
| | **बजेट तथा कार्यक्रम प्रस्तुती** | असार १० भित्र | |
| | **बजेट तथा कार्यक्रम स्वीकृति** | असार मसान्तभित्र | |

## स्थानीय तहको योजना निर्माण प्रकृयाका तहहरूमा बाल भेला कहिले हुन्छ ?

स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकृयालाई सातवटा चरणका रूपमा तय गरिएको छ । जस अन्तर्गत तेस्रो चरणको वस्ती टोलस्तरको योजनाहरूको छनौट तथा सिफारिस पूर्व बाल भेलाको आयोजना गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकृयामा अनिवार्य बाल सहभागितालाई अंगिकार गरिएकाले स्थानीय तहको योजना निर्माण प्रकृयामा बालबालिकाको सहभागितालाई अनिवार्य गरिएको छ । यसबाट स्थानीय तहको योजना निर्माण प्रकृयामा बाल सहभागितालाई स्पष्टरूपमा प्रवर्धन गरिएको छ ।

स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया




## स्थानीय तहमा बालक्लव तथा सञ्जाल गठन, सहजीकरण तथा व्यवस्थापनाका लागि के–के गर्न सकिन्छ ?

वि.स. २०४६ पछि शुरू भएको बाल क्लव अभियानलाई बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ को कार्यान्वयनसँगै बालक्लव तथा तिनका सञ्जालहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । केन्द्रिय बाल कल्याण समितिकाअनुसार नेपालका ७५ जिल्लामा गरी जम्मा २२,६२८ बालक्लब रहेका छन् । जसमा २०६,०४९ र २३१,७१० बालक गरी जम्मा ४३४,५४९ बालबालिका सदस्य रहेका छन् (नेपालमा बालबालिकाको स्थिति २०७३) । बाल क्लवको संख्या निरन्तर बढीरहेकोले बालक्लव र तिनका सदस्यहरूका सम्वन्धमा स्पष्ट तथ्यांक छैन यद्यपी ठुलो संख्यामा बालबालिकाहरू बालक्लवहरूमा सहभागी भएको देख्न सकिन्छ । स्थानीय तह तथा वडाहरूमा बालक्लव तथा सञ्जाल गठन, सहजीकरण तथा व्यवस्थापनका लागि स्थानीय तहहरूले छुट्टै कार्यविधी बनाएर कार्यान्वयन गर्न सक्दछन् । कतिपय स्थानीय तहहरूले त्यस्तो अभ्यास पनि गरेको पाइन्छ । स्थानीय तहहरूले बाल क्लव र बाल क्लव सञ्जाल गठन, सहजीकरण तथा व्यवस्थापनाकासँग सम्बन्धित गर्नुपर्ने र गर्न सकिने कार्यसूचीलाई यहाँ प्रस्तुत गरिएको छ ।

(क) वडा कार्यालयले आफ्नो वडामा बालक्लव तथा सञ्जाल गठनका लागि समन्वय र सहजीकरण गर्नुपर्दछ ।

(ख) सामाजिक संघसंस्थाले बालक्लव तथा सञ्जाल गठन वा सहजीकरण गर्नुपर्दा पनि सम्बन्धित वडा कार्यालयको समन्वयमा गर्ने प्रावधान र अभ्यास गर्नुपर्दछ । यसले वडा कार्यालयमा बाल क्लवहरूको अभिलेखीकण हुनुका साथै सबै बाल क्लवहरूले वडा कार्यालयको समन्वयमा काम गर्ने अवसर प्राप्त गर्दछन् ।

(ग) बालक्लव तथा सञ्जालको सम्पूर्ण विवरण वडा कार्यालय तथा नगरपालिकाको महिला बालबालिका शाखा वा तोकिएको शाखामा अभिलेखीकरण गर्नुपर्दछ । बालक्लव तथा बाल-सञ्जालको सूचीकरण तथा नविकरणको काम गर्ने जिम्मेवारी वडा कार्यालयले गर्न सक्दछन् । बालक्लव तथा सञ्जाल सूचीकरण तथा नवीकरण पश्चात् सम्बन्धित बालक्लव तथा बाल-सञ्जाललाई प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्दछ ।

(घ) बालक्लव तथा सञ्जालको सूचीकरण र अभिलेखीकरणको फोकल व्यक्तिका रूपमा बालकल्याण अधिकारीलाई स्थानीय सरकारले तोक्न सक्दछ ।

(ङ) बालक्लव सूचीकरण भएपश्चात् बालक्लवको वार्षिक साधारणसभा सम्पन्न भएको मितिले तीन महिना भित्र प्रत्येक वर्ष नवीकरण गर्ने व्यवस्था गर्न सकिन्छ । बालक्लव तथा सञ्जालहरूको वार्षिक साधारण सभा प्रत्येक वर्ष गर्ने व्यवस्था गर्नुपर्दछ ।

(च) बालक्लव सूचीकरण तथा नवीकरण प्रक्रिया निशुल्क हुने व्यवस्था गर्नुपर्दछ ।

(छ) बालक्लव तथा सञ्जाल गठनका लागि कम्तिमा पन्ध्रदिन अगाडि सबै बालबालिकालाई सम्बन्धित वडा कार्यालयमार्फत जानकारी गराउने व्यवस्था गर्नुपर्दछ । विकास साझेदार वा सामाजिक संघ संस्थाले सहजीकरण गर्ने बाल क्लवहरूको गठनमा पनि वडा कार्यालयमार्फत नै गर्ने प्रबन्ध मिलाउनु पर्दछ ।

(ज) बालक्लवको संख्या वडाभित्र रहेका विद्यालय र टोल-वस्तीअनुसार कम बढी हुन सक्दछन् तर विद्यालयभित्र वा बाहिर रहेका सबै बालबालिका बालक्लवमा सहभागी हुन पाउने अवस्थाको सुनिश्चित गर्नुपर्दछ ।

(झ) बालक्लवका सबै साधारण सदस्यहरू समेतको बैठक वर्षमा कम्तिमा चार पटक बस्ने व्यवस्था र बैठकका लागि आवश्यक सहयोग स्थानीय तह वा वडा कार्यालयहरूले गर्नुपर्दछ ।

(ञ) वडाभित्र रहेका सबै बालक्लवहरूको प्रतिनिधिहरू (कम्तिमा एक बालक र एक बालिका) को उपस्थितीमा वडास्तरीय बालक्लव सञ्जाल र वडास्तरीय सबै बालक्लव सञ्जालका प्रतिनिधिहरू (कम्तिमा एक बालक र एक बालिका) को उपस्थितिमा नगरपालिकास्तरीय बालक्लव सञ्जाल गठन गर्नुपर्दछ ।

(ट) बालक्लव तथा सञ्जालको कार्यसमितिमा ९ देखि २१ सदस्य रहन सक्ने व्यवस्था गर्न सकिन्छ तर स्थानीय तह वा वडाको भुगोल र पृष्ठभुमीका आधारमा कम बढी गर्न पनि सकिन्छ । कार्यसमिति अन्तर्गत विभिन्न उपसमितिहरू गठन गर्न सकिन्छ र त्यस्ता उपसमितिहरूमा ३ देखि १५ जनासम्म सदस्यहरू रहने व्यवस्था सकिन्छ ।

(ठ) बालक्लव तथा सञ्जालको कार्यसमितिमा बहुपदीय नेतृत्वको व्यवस्था गर्न सकिन्छ जसमा अध्यक्ष १, उपाध्यक्ष २ (बालक १ र बालिका १), सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरू रहनेछन् । सदस्यहरूलाई विषयगत समितिहरूको संयोजकको जिम्मेवारी दिन सकिन्छ ।

(ड) बालक्लव तथा सञ्जालको कार्यसमितिमा ९ वर्षदेखि १८ वर्षसम्मका बालबालिका र बालक्लवको साधारण सदस्यमा छ वर्षमाथि र १८ वर्षसम्मका बालबालिका सबैलाई सहभागी गराउदा उत्तम हुन्छ ।

(ढ) बालक्लव तथा सञ्जालको कार्यसमितिको कार्यकाल एक वर्षको राखी सबै बालबालिकालाई नेतृत्व विकासको अवसरको सृजना गर्न सकिन्छ ।

(ण) बालक्लव तथा सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तिमा एक पटक बस्ने व्यवस्था गरी सो बैठकका लागि स्थानीय तह र वडा कार्यालयहरूले सहयोग गर्नुपर्दछ ।

(त) बालक्लव तथा सञ्जालको कार्यालय र नियमित बैठकका लागि गाँउ वा नगरपालिका, वडा कार्यालय वा विद्यालयले स्थान उपलब्ध गराउनुपर्दछ ।

(थ) वडा कार्यालयले वडा समितिबाट एकजना निर्वाचित जनप्रतिनिधिलाई बालक्लवको गठन र सहजीकरणका लागि फोकल व्यक्ति तोक्नु उपयुक्त हुन्छ । विद्यालयस्तरीय बालक्लवको सहजीकरणका लागि थप एक जना फोकल शिक्षक समेत विद्यालय व्यवस्थापन समितिले तोक्नु पर्दछ ।

(द) बालक्लव तथा बाल-सञ्जाल सूचीकरण गर्दा बालक वा बालिकाको संख्या, कार्यसमितिका पदाधिकारी र सदस्यको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिसहित आवश्यक विवरणहरू सम्बन्धित वडामा निवेदन दिने व्यवस्था गर्नुपर्दछ । सम्बन्धित वडा कार्यालयले आफ्नो वडाभित्र रहेका बालक्लव तथा सञ्जालहरूको सूचीकरण गरी सोको विवरण नगरपालिकाको तोकिएको शाखा तथा फोकल व्यक्तिलाई समेत अभिलेखीकरणका लागि उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

(ध) बालक्लवहरू बाहेक विद्यालय तथा समुदायमा विशिष्टिकृत बाल-समूहहरू जस्तै जुनियर रेडक्रस, स्काउट आदि पनि रहेछन् भने त्यस्ता बाल समुहहरूलाई पनि सूचीकृत गरी स्थानीय तहले बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सहभागी गराउनुपर्दछ ।

(न) बाल क्लवले नियमित बैठक छलफल, सिकाइ आदानप्रदान, बालविकाससँग सम्बन्धित क्रियाकलाप जस्तै खेलकुद, भित्तेपत्रिका प्रकाशन, कला, सांस्कृतिक कार्यक्रम, सामुदायिक स्वयम् सेवासँग सम्बन्धित क्रियाकलाप, अतिरिक्त क्रियाकलाप आदि, बाल संरक्षणको प्रवर्धन, परम्परागत हानीकारक अभ्यासहरूको अन्त्यका लागि सचेतना,

बालअधिकारको प्रचारप्रसार, बालअधिकारको अवस्थाको अनुगमन, बालबालिकाको सर्वाङ्गिण विकाससँग सम्बन्धित सवालहरूमा आवश्यक सुझाव, स्थानीय तहको योजना निर्माण प्रक्रिया, बाल भेलामा सहभागिता लगायतका क्रियाकलापहरूको नेतृत्व र सहजीकरण गर्न सक्दछन् ।

## स्थानीय तहमा बाल सहभागिताको कार्यान्वयन कसरी गर्न सकिन्छ ?

स्थानीय तहहरूमा बाल सहभागिताको प्रवर्द्धनका लागि सम्बन्धित स्थानीय तहहरूले आफ्नै नीतिगत व्यवस्था गर्नुपर्दछ । त्यस्ता नीतिगत व्यवस्थाहरूमा आफ्नो स्थानीय तहभित्र बालसहभगिताकाको प्रभावकारी कार्यान्वयन कसरी गर्ने भन्ने सम्वन्धमा स्पष्ट रूपमा लिखित व्यवस्था गर्नुपर्दछ । त्यस्ता व्यवस्थाहरूको तयारीका क्रममा बाल क्लव र बाल क्लव सञ्जालहरू सुझाव सल्लाह लिनुपर्दछ र कार्यान्वयनका क्रममा आउन सक्ने सुधारका क्षेत्रहरूलाई आवश्यकताअनुसरा परिमार्जन पनि गर्दै जानुपर्दछ । यहाँ बाल सहभागिता कार्यान्वयनको मुख्य चरणहरू र त्यसअन्तर्गत गरिने महत्त्वपूर्ण प्रक्रियाहरूको वारेमा व्याख्या गरिएको छ । यस्ता व्यवस्थाहरू स्थानीय तहको बाल सहभागितासम्बन्धी कार्यविधिमा राख्न सकिन्छ । यदि स्थानीय तहहरूले यस्ता व्यवस्थाहरू लिखित रूपमा नीतिगत व्यवस्था नगरेको अवस्थामा पनि बालसहभागितको प्रवर्धनका लागि यहाँ उल्लेखित बाल सहभागिताका चरण, कृयाकलाप र प्रक्रियाहरूलाई आआफ्नो अभ्यासमा प्रयोगमा ल्याउन सक्दछन् ।

| **बाल सहभागिताको मुख्य प्रकृया** | **महत्त्वपूर्ण प्रक्रियाहरू** |
|---|---|
| **बाल सहभागिताको तयारी** | - बालबालिकालाई सहभागिताको लागि तयार गर्दा सहभागितासँग सम्बन्धित सम्पूर्ण पूर्व जानकारी (के, कहाँ, किन, कहिले, कसरी) बालबालिका, उनीहरूका अभिभावक वा शिक्षकलाई गराइएको हुनुपर्दछ ।<br>- आफैं वा प्रतिनिधिमार्फत् विचार अभिव्यक्त गर्ने विकल्प र सम्भावित परिणामको आंकलन गर्न र बालबालिकालाई पनि उनीहरूको उमेर अनुकूल हुने गरी जानकारी गराउनुपर्दछ । |

| | |
|---|---|
| **बाल सहभागिताको कार्यान्वयन** | - बालबालिकालाई कुनै कार्यक्रममा सहभागी गराउनु पर्ने अवस्थामा सम्बन्धित बालबालिका वा बालक्लवलाई कम्तिमा पाँच दिन अघि सूचना लिखित रूपमा उपलब्ध गराउने गर्नुपर्दछ । यसबाट उनीहरूले त्यसका लागि आफुलाई तयार गर्न र लिखित रूपमा पाएको सुचना आफ्नो बाल क्लव, परिवार वा विद्यालयमा छलफल गर्न सजिलो हुन्छ ।<br>- सहभागिता जनाउने बालबालिकाले सम्बन्धित बालक्लव वा सञ्जालमा कार्यक्रम वा बैठकमा सहभागी हुनुपूर्व आफ्नो बालक्लव वा सञ्जालमा छलफल गरी आधिकारीक धारणा र बालक्लव वा सञ्जालको पत्रसहित सहभागी हुने व्यवस्था गर्नुपर्दछ ।<br>- कार्यक्रम वा बैठक पश्चात् पुनः आफ्नो बालक्लव वा सञ्जालमा गई सिकाइ तथा उपलब्धि आदानप्रदान गर्ने अभ्यास पनि गर्नुगराउनु पर्दछ । बाल क्लव तथा सञ्जाल भनेको असल सिकाइ प्रवर्द्धन गर्ने र नेतृत्व विकास गर्ने मञ्च भएकाले यस्ता असल अभ्यासलाई सधै प्रवर्द्धन गर्नुपर्दछ ।<br>- कुनै पनि सूचना बालबालिकामार्फत लिनुपर्दा सम्बन्धित बालबालिकाका अभिभावक र विद्यालयको समेत पूर्व-स्वीकृति लिनु पर्दछ । स्विकृति बिना बालबालिकासँग सिधा कुरा गर्ने उनीहरूसँग कुनैपनि सुचना जानकारी लिने गर्नुहुदैन ।<br>- बाल संरक्षणसँग सम्बन्धित विशेष अवस्थामा कुनै बालबालिकाको अभिभावक वा शिक्षकसँग त्यस्तो स्विकृति लिदाँ बालबालिका थप जोखिममा पर्ने र बालबालिकालाई तत्काल संरक्षणका लागि केही गर्नुपर्ने अवस्थामा बालबालिकाको अभिभावक वा शिक्षक पूर्व स्वीकृति विना पनि बालबालिकाको विचारको सम्मान गरी संरक्षणका लागि आवश्यक कार्य गर्नुपर्दछ ।<br>- कार्यक्रममा सहभागी हुने बालबालिकाको लागि विद्यमान ऐनमा उल्लेख भए अनुसार संरक्षकको व्यवस्था गर्नुपर्दछ ।<br>- बाल सहभागिताका क्रममा हुनसक्ने कुनै पनि हिंसा, दुर्व्यवहार, हानी, जोखिम, विभेद, हानीकारक अभ्यास र बेवास्ताको रोकथामका लागि पूर्वतयारी गरिएको हुनुपर्दछ । बाल सहभागिताका क्रममा यस्ता कुनै पनि व्यवहार नहुने सुनिश्चित गरिएकै हुनुपर्दछ ।<br>- बाल सहभागिताको प्रक्रियामा बालबालिकाका गोपनियता राख्नुपर्ने विषयमा गोपनियता कायम गरिएको हुनुपर्दछ ।<br>- बाल सहभागिताको सबै प्रक्रियामा बालबालिकाको आफ्नो विचार र भावनालाई मान्यता दिइएको हुनुपर्दछ ।<br>- बाल सहभागितासँग सम्बन्धित कार्यहरूमा सहभागी छनौट क्रममा बालिका, फरक लैङ्गिक पहिचान भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, दलित परिवारका बालबालिका, जोखिममा रहेका बालबालिका, विद्यालय बाहिर रहेका बालबालिका लगायतका फरक फरक पृष्ठभुमी भएका बालबालिकाहरूलाई प्राथमिकता दिनुपर्दछ ।<br>- बालबालिका सहभागी हुने कार्यक्रम स्थल तथा कार्यक्रम सञ्चालन प्रक्रिया बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री हुनुपर्दछ । |

| | |
|---|---|
| **बाल सहभागिताको प्रभाव र परिणामबारे जानकारी, अभिलेखीकरण र मुल्याङ्कन** | - बालबालिकाले व्यक्त गरेको विचार र उनीहरू संलग्न भएको प्रक्रियाबाट के-कस्तो प्रभाव पऱ्यो वा के परिणाम आयो भन्ने बारे सम्बन्धित बाल क्लव, बाल क्लव सञ्जाल र सहभागी बालबालिकाहरूलाई समेत जानकारी दिइने वा हुने व्यवस्था गर्नुपर्दछ । यस्तो अभ्यास व्यवहारमा नहुँदा छलफलमा आएका सुझाव, सल्लाह तथा सुचनाहरूको पुनर्जाँच हुन पाउदैन र बालबालिकाले समेत आफ्ना विचार त राख्छन् तर अन्त्यमा ती राखिएका विचारहरूको निष्कर्ष के भयो थाहा नै पाउदैन । यस्तो अभ्यास नहुँदा बालबालिकामा नेतृत्व विकास हुन पाँउदैन । तोकिएको मात्र काम गर्ने हुन पुग्दछन् ।<br>- बालबालिका सहभागी भएका कार्यक्रमको उपलब्धि, निष्कर्ष तथा उनीहरूले व्यक्त गरेका विचारहरूको अभिलेखीकरण गर्दा सो कार्यक्रम वा प्रकृयाको अन्त्यमा त्यसबाट आएका उपलब्धि, निष्कर्ष तथा सुझावहरूलाई पुन उनीहरूकै सहभागितामा बाल क्लव, बालक्लव सञ्जाल वा सहभागी बालबालिकाहरूमार्फत नै प्रमाणीकरण गर्नुपर्दछ । यसबाट कुनै पनि सुचना वा जानकारीलाई गलत व्याख्या हुनबाट रोक्न सकिन्छ । |
| **उजुरी तथा उपचारसम्बन्धी जानकारी** | - बाल सहभागिताका क्रममा बालअधिकारको उल्लङ्घन भए वा गरिएमा त्यसबारे उजूरी गर्ने र उपचारसम्बन्धी नीतिगत व्यवस्थाबारे सबै बालबालिकालाई जानकारी गराइनुपर्दछ ।<br>- के-कस्तो कृयाकलाप गलत हुन् र त्यस्ता कृयाकलाप भएका कहाँ उजुरी वा सम्पर्क गर्न सकिन्छ र उजुरी गर्दा उजुरीसँग विषयवस्तु र उजुरीकर्ताको गोपनियता र सुरक्षा कसरी सुनिश्चित गरिन्छ भन्ने सम्वन्धमा बालबालिकालाई जानकारी गराइएको हुनुपर्दछ ।<br>- उजुरी तथा उपचारको प्रक्रियामा बालन्यायको सिद्धान्तलाई पालना गर्नुपर्दछ । |

## स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमासँग सम्बन्धित समितिहरू के-कस्ता रहेका छन् ?

संघीय संरचनाको अभ्यासका क्रममा तिन तहको सरकारको अभ्यास भएपश्चात् स्थानीय तहले पनि नागरिकको नजिकको सरकारका रूपमा काम गरिरहेको छ । स्थानीय सरकारका रूपमा काम गर्ने क्रममा बार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धित विभिन्न समितिहरू पनि क्रियाशिल रहने गर्दछन् । स्थानीय तहमा बार्षिक योजना तथा बजेट तर्जुमासँग सम्बन्धित समितिहरूमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू रहेका हुन्छन् । यस्ता समितिहरूसँग समन्वय र सहकार्यतामा रहेर विभिन्न निकायहरू, स्थानीय सरोकारवालाहरू, विकास साझेदारहरू, बाल क्लव तथा बाल क्लव सञ्जालहरूले पनि काम गर्नुपर्दछ । विषयगत समितिले बालबालिकाको विषय पनि हेर्ने समितिको रूपमा काम गरेको हुन्छ । यस प्रकारका समितिले बालबालिकाका सवालमा वार्षिक योजना तथा बजेट तर्जुमासँग सम्बन्धित कार्यको सहजीकरण गरेको हुन्छ ।

## स्थानीय तहमा रहने बजेट तथा कार्यक्रम तर्जुमा समितिको संरचना के-कस्तो हुन्छ ?

स्थानीय तहको सवै विषयक्षेत्र र स्थानगत आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्नकालागि देहाय अनुसारको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति रहेको हुन्छ ।

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष/उपप्रमुख | संयोजक |
| (ख) | विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरू | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | योजना महाशाखा, विभाग वा शाखा प्रमुख | सदस्य-सचिव |

बाल क्लव तथा बाल क्लव सञ्जालहरूले आफ्नो सवाल तथा योजनाहरूलाई स्थानीय तहको योजना, कार्यक्रम र बजेटमा समावेश गर्नकालागि स्थानीय तहको उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा रहने बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग छलफल अन्तरक्रिया गर्न सक्दछन् ।

**स्थानीय तहमा रहने विषयगत समितिहरू के-कस्तो हुन्छ ?**

बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आएका बार्षिक योजना तथा बजेटलाई विषयगत क्षेत्रगत योजनाको स्वरूप प्रदान गर्न सवै विषयक्षेत्रका (५ वटा) लागि देहाय अनुसार समितिहरू गठन गरिएको हुन्छ । यस्ता विषयगत समितिहरूमा बालबालिकाका सवालहरूमाथि समेत बाल क्लव र बाल क्लव सञ्जालनका प्रतिनीधिहरूसँग छलफल गरिन्छ । त्यसैले बालबालिकाका प्रतिनीधिहरूले पनि यस प्रकारको समितिसँग नजिक रहेर काम गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| (क) | विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य | संयोजक |
| (ख) | गाउँ र नगर सभाका कम्तिमा १/१ जना महिला तथा दलित सदस्य सहित ३ जना | सदस्य |
| (ग) | बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख | सदस्य-सचिव |

**स्थानीय तहमा योजना कार्यान्वयन प्रकृयामा क-कसको के-कस्तो जिम्मेवारी रहेको हुन्छ ?**


गाँउ तथा नगरसभाबाट आगामी वर्षको योजना तथा बजेट पारित भए पश्चात् कार्यान्वयन प्रकृयामा देहाय अनुसार जिम्मेवारी हुने व्यवस्था गरिएको छ । बालबालिकाहरूसँग सम्बन्धित योजना तथा बजेटहरूको कार्यान्वयनका लागि पनि यी जानकारीहरूले सहयोग पुग्दछ । बाल क्लव तथा बाल क्लवका सञ्जालहरूका प्रतिनीधिहरूले पनि बालबालिकासँग सम्बन्धित योजनाहरूको कार्यान्वयन प्रकृया कसरी हुन्छ र के-कस्तो जिम्मेवारीका लागि को जिम्मेवार रहन्छ भन्ने जानकारी लिएर सो अनुसार भए नभएको बाल निगरानी गर्नु पर्दछ ।


| पदाधिकारी | जिम्मेवारी |
|---|---|
| **अध्यक्ष वा प्रमुख** | बजेट खर्च गर्ने अख्तियारी दिने, समन्वय गर्ने, कुनै समस्याको समाधान गर्ने |
| **उपाध्यक्ष वा उपप्रमुख** | बजेट खर्च गर्ने अख्तियारी दिने, समन्वय गर्ने, कुनै समस्याको समाधान गर्ने |
| **प्रमुख प्रशासकीय अधिकृत** | कार्ययोजना तयार गर्ने, शाखा तथा वडालाई जिम्मेवारी दिने, खरिद विधिको छनोट गर्ने, अनुगमन गर्ने र भुक्तानी दिने, |
| **सम्बन्धित शाखा प्रमुख** | उपभोक्ता समितिको गठन गराउने, अभिलेख राख्ने, अनुगमन समितिको सदस्य सचिव भई कार्य गर्ने, भुक्तानीको लागि सिफारिस गर्ने, |
| **प्राविधिक (पुर्वाधार) कर्मचारी** | पूर्वाधारसम्बन्धी कार्यको सर्वेक्षण गर्ने डिजाइन गर्ने, लागत अनुमान तयारी गर्ने, अनुगमन गर्ने, सम्झौता गर्ने पक्षलाई आवश्यक सहयोग र निर्देशन दिने, |
| **वडास्तरीय योजनाको हकमा सम्बन्धित वडाध्यक्ष** | उपभोक्ता समिति गठन गर्ने, वडास्तरीय योजनाको अनुगमन गर्ने, |
| **सम्झौता गर्ने पक्ष** | डिजाइन तथा स्टिमेट तयार गर्न सहयोग गर्ने, स्टिमेट अनुसारको काम सम्पन्न गर्ने, सार्वजनिक परिक्षण गर्ने, अनुगमनको समन्वय गर्ने |
| **विषयगत समितिका सदस्यहरू** | अनुगमन गर्ने कार्यान्वयनको क्रममा देखिएका समस्या समाधानको लागि समन्वय गर्ने |


## सन्दर्भ सामग्रीहरू



- नेपालको संविधान २०७२, कानून किताब व्यवस्था समिति, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय, नेपाल सरकार,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, कानून किताब व्यवस्था समिति, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय, नेपाल सरकार,
- बालबालिकासम्बन्धी ऐन २०७५, नेपाल सरकार,
- बालबालिकासम्बन्धी नीति २०६९, नेपाल सरकार,
- बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहको भूमिका (२०७४), केन्द्रिय बालकल्याण समिति, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, पुल्चोक, ललितपुर,
- स्थानीय तहमा बाल संरक्षण (२०७४), केन्द्रिय बालकल्याण समिति, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, पुल्चोक, ललितपुर,
- बाल सहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका (२०७४), केन्द्रिय बालकल्याण समिति, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, पुल्चोक, ललितपुर,
- बाल सहभागितासम्बन्धी कार्यविधी २०७६, गोडैता नगरपालिका, प्रदेश नं २, सर्लाही,
- बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- बालअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिकालागि गाँउ तथा नगरपालिकाको भूमिकासम्बन्धी अन्तरसंवाद अभियान, केन्द्रिय बालकल्याण समिति, नेपाल सरकार,
- दिगो विकास लक्ष्य र बालबालिका (२०१६), दयाराम श्रेष्ठ, सिविन, काठमाडौं,
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
- स्थानीय तहका निर्वाचित पदाधिकारीहरूकालागि क्षमता विकास तालिम, प्रशिक्षक तालिम निर्देशिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- स्थानीय योजना तर्जुमामा मेरो भूमिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- बालबालिका तथा किशोरकिशोरीको सहभागिता प्रवर्द्धनकालागि आधारभूत निर्देशिका तथा विधीहरू (२०१६), कन्सोर्टियम नेपाल,
- स्थानीय शासन श्रोत पुस्तिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल सहभागितासम्बन्धी मार्गदर्शन, गाँउपालिका राष्ट्रिय महासंघ नेपाल, काठमाडौं ।

## हाम्रा केही प्रकाशनहरू
































**प्रकाशक**

कन्सोर्टियम-नेपाल
Consortium Nepal

**सहयोग**

Save the Children